शान्तिका लागि साझा प्रयास

# आगामी शान्तिवार्ता : सम्भावना र चुनौतीहरू




शान्तिका लागि सहकार्य
शा स का प्रकाशन
क्रम सङ्ख्या ००४

## शान्तिका लागि सहकार्य

शान्तिका लागि सहकार्य संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको गैर नाफामुखी, गैरसरकारी संस्था हो । यो २०६१ साल वैशाखमा स्थापना भएको हो । यसको मुख्य उद्देश्य नेपालमा द्वन्द्व रूपान्तरणको क्षेत्रमा अनुसन्धान गर्नु र शान्ति प्रक्रियामा योगदान पुऱ्याउनु हो । यसले नेपालसम्बन्धी सरोकारको सवालमा अन्तर्राष्ट्रिय र स्थानीय विशेषज्ञहरूसँग सहकार्य गर्छ । संसारका शान्ति प्रक्रियाहरूको अनुभव आदान-प्रदान गर्न कार्यशालाहरूको आयोजना गर्नु र द्वन्द्वका विषयमा सबै पक्षलाई सूचना प्रदान गर्ने स्रोतकेन्द्र र अनुसन्धान संस्थाको रूपमा आफूलाई विकास गर्नु यसको लक्ष्य हो । नेपाली र अन्य अनुसन्धाताले आफ्नो क्षमता विकास गर्न सकुन् भन्ने लक्ष्य पनि यस संस्थाको रहेको छ । द्वन्द्वपछिको वातावरणमा पनि आवश्यक सूचना र विशेषज्ञताको लागि यो संस्था सार्वजनिक स्रोतको रूपमा रही यसले द्वन्द्वपछिको रूपान्तरणमा सहयोग पुऱ्याउनेछ ।

बृहत् शान्ति प्रक्रियामा सम्बन्धित पक्षलाई विश्वसनीय ज्ञानको आधार र प्राविधिक विशेषज्ञता प्रदान गर्नु र माओवादी विद्रोहको शान्तिपूर्ण निकासका लागि नागरिक समाजका संगठन र व्यक्तिहरूको व्यापक सहभागितालाई सम्भव बनाउनु शान्तिका लागि सहकार्यको उद्देश्य हो ।

व्यापक परामर्शको आधारमा शान्तिका लागि सहकार्यले वर्तमान द्वन्द्वलाई प्राथमिकता दिएर विविध विषयहरूमा अनुसन्धान गरिरहेको छ । तुलनात्मक शान्ति प्रक्रियाहरू, सुरक्षा क्षेत्रको सुधार र द्वन्द्वसँग गाँसिएका अन्तर्राष्ट्रिय सम्बन्ध, द्वन्द्वोत्तर रूपान्तरण, पुनर्संयोजन र विकास प्रारम्भिक अनुसन्धानका क्षेत्र बनेका छन् । शान्ति प्रक्रियाको अध्ययन अन्तर्गत शान्ति स्थापनाका लागि अन्तर्राष्ट्रिय अनुभव र नेपालको सशस्त्र द्वन्द्वमा सञ्चारमाध्यमको भूमिका सम्बन्धमा अध्ययन भइरहेको छ। द्वन्द्वको तुलनात्मक अध्ययन अन्तर्गत द्वन्द्वग्रसित देशहरूको द्वन्द्व रूपान्तरणको अनुभव र शान्ति प्रक्रियाको अध्ययन गरिँदैछ । भविष्यमा शान्तिका लागि सहकार्यले द्वन्द्वपछिको रूपान्तरणका विभिन्न पक्षहरूबारे अनुसन्धान गर्नेछ । यसैगरी माथि उल्लेखित विभिन्न विषयहरूमा विस्तृत थप कार्य गर्दै द्वन्द्वसम्बन्धी समसामयिक विषयहरू पहिचान गरी अध्ययन-अनुसन्धान गरिनेछ ।

# आगामी शान्तिवार्ता : सम्भावना र चुनौतीहरु

२०६१ असार १३ गते (तदनुसार जुन २७ २००४) का दिन आयोजित
अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

**आयोजक**


शान्तिका लागि सहकार्य
११७/३६, पूजा प्रतिष्ठान मार्ग
पुरानो वानेश्वर, काठमाडौं
नेपाल



**असार २०६१**

© शान्तिका लागि सहकार्य

२०६१

शान्तिका लागि सहकार्यको पूर्व अनुमतिविना यस प्रकाशनको पूरै वा आंशिक भाग व्यापारिक प्रयोजनका लागि कुनै पनि माध्यमबाट पुनर्उत्पादन गर्न, बिक्री-वितरण गर्न वा प्रयोग गर्न पाइने छैन ।

यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू वक्ताहरूका आफ्नै हुन् । यीनीहरूले शान्तिका लागि सहकार्यको आधिकारिक विचारको प्रतिनिधित्व गर्दैनन् । यो अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन भएकोले वक्ताहरूको अभिव्यक्तिलाई जस्ताको तस्तै प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

प्रथम संस्करण : ५०० प्रति

डिजाइन तथा प्रिन्टीङ

अल्टिमेट मार्केटिङ्ग

रानीबारी, लाजिम्पाट,काठमाण्डौं

फोन नं. : ४३५२२२३

ई-मेल : info@marketingultimate.com

वेभसाइट : www.marketingultimate.com

## पुस्तिकाको बारेमा

हत्या र हिंसाको श्रृंखलाले सम्पूर्ण राष्ट्रको भविष्यलाई नै अँध्यारोतर्फ धकेलिरहेको अवस्थामा आगामी दिनहरूमा हुने शान्तिवार्ताहरुको लागि चाहिने ज्ञान र अनुभवको आधार फराकिलो पारी द्वन्द्व समाधान र दिगो शान्ति स्थापनाका लागि सहयोग पुर्‍याउने उद्देश्यले शान्तिका लागि सहकार्यले २०६१ साल असार ६ गते तदनुसार जुन २७, २००४ का दिन "आगामी शान्तिवार्ता : सम्भावना र चुनौतीहरू" विषयक अन्तरर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

पूर्वप्रधानन्यायाधीश तथा २०४७ सालको संविधान निर्माता विश्वनाथ उपाध्याय प्रमुख अतिथि रहनुभएको सो कार्यक्रममा अघिल्लो वार्ताकालमा सहजकर्ताको भूमिका निर्वाह गर्नुहुने दमननाथ ढुङ्गाना, पद्मरत्न तुलाधर, शैलेन्द्रकुमार उपाध्याय, संविधानविद् लक्ष्मणप्रसाद अर्याल, मानवअधिकारवादी मथुराप्रसाद श्रेष्ठ, परराष्ट्रविद् नीलाम्बर आचार्य र शान्तिका लागि नागरिक ऐक्यबद्धताका सचिव श्याम श्रेष्ठले आफ्ना विचारहरू व्यक्त गर्नुभयो । उक्त कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै संस्थाका महासचिव गौरी प्रधानले विगतका वार्ताहरूमा भएका सहजीकरण र मध्यस्थताका प्रक्रियाहरूमा थुप्रै महत्वपूर्ण उपलब्धिहरू हासिल भए तापनि केही कमी-कमजोरीहरू पनि भएको उल्लेख गर्दै ती कमी-कमजोरी र उपलब्धिहरूका बारेमा समेत यस कार्यक्रममा समीक्षा गर्नेछौं र त्यसको रूपरेखा तयार पार्नेछौं भन्ने विचार व्यक्त गर्नुभयो । त्योभन्दा पनि महत्वपूर्ण कुरा द्वन्द्व समाधानमा समाजका विभिन्न पक्षबाट योगदान दिइरहेका विभिन्न समूहहरूले बनाएका द्वन्द्व समाधानसम्बन्धी कार्ययोजना (Road Map) हरूलाई एकीकृत गर्नसक्ने सम्भावनाहरूको खोजी कार्यमा समेत शान्तिका लागि सहकार्यले गृहकार्य गरिरहेको जानकारी दिनुभयो । संस्थाका निर्देशक विष्णुराज उप्रेतीले शान्ति प्रक्रियामा देखापरेको अनुभवको कमीलाई हटाउन शान्तिका लागि सहकार्यले खेलिरहेको भूमिकाको सम्बन्धमा चर्चा गर्नुभयो । उक्त कार्यक्रममा दातृ संस्थाहरू, अन्तर्राष्ट्रिय गैससहरू, द्वन्द्व रूपान्तरण र मानवअधिकारका क्षेत्रमा कार्यरत गैससहरू, प्राध्यापकहरू, राजनीतिक पार्टीका नेताहरू, विद्यार्थी नेताहरू, पत्रकारहरू र बुद्धिजीवीहरू समेत ७० जनाको सहभागिता रहेको थियो ।

विगतमा दुई पटकसम्म शान्ति स्थापनाका प्रयासहरू असफल भएका छन् । हालसालै राजनीतिक क्षेत्रमा देखिएका घटनाक्रमहरूले फेरि नयाँ सैद्धान्तिक र व्यावहारिक यथार्थको धरातलबाट शान्तिवार्ता सुरु हुने सम्भावनातर्फ संकेत गरेको छ । यस प्रतिवेदनमा व्यक्त गरिएका विचारहरूले आगामी दिनहरूमा हुने शान्तिवार्तालाई सफल निष्कर्षमा पुऱ्याउने दिशामा ठोस वैचारिक आधार सिर्जना गर्नमा मदत पुऱ्याउने अपेक्षा गरिएको छ ।

# आभार

यो पुस्तिकाको प्रकाशन द्वन्द्व रूपान्तरण र शान्ति प्रक्रियामा काम गर्ने संस्थाहरू र व्यक्तिहरूको संयुक्त प्रयासबाट सम्भव भएको हो । ती सम्पूर्ण संस्थाहरू र व्यक्तिहरूप्रति शान्तिका लागि सहकार्य कृतज्ञ छ ।

सर्वप्रथम हामीलाई द्वन्द्वसँग सम्बन्धित विभिन्न विषयमा अन्तर्क्रिया र छलफल आयोजना गर्न आर्थिक सहयोग उपलब्ध गराएर सहयोग गर्ने इन्टरनेसनल एलर्ट र युरोपेली आयोगलाई धन्यवाद दिन चाहन्छौं । आफ्नो कार्यव्यस्तताको बाबजुद उक्त कार्यक्रममा आफ्ना विचारहरू राखिदिने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । त्यसै गरि हाम्रो निमन्त्रणालाई स्वीकारी कार्यक्रममा उपस्थित भई सक्रिय सहभागिता जनाउनु भएकोमा सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, उक्त कार्यक्रममा व्यक्त भएका सम्पूर्ण विचारहरू र छलफलको टिपोट गरिदिनुहुने अरूण बराललाई पनि धन्यवाद दिन चाहन्छौं ।

# विषय सूची

१. भूमिका १

२. प्रमुख अतिथिको मन्तव्य
**- विश्वनाथ उपाध्याय** ३

३. शान्ति प्रक्रियामा देखिएको सूचना श्रोतको कमी पुरा
गर्नमा शान्तिका लागि सहकार्यको भूमिका
**- विष्णुराज उप्रेती** ५

४. शान्तिवार्ता : व्यवधान र चुनौतीहरु
**- दमननाथ ढुङ्गाना** ७

५. शान्तिवार्ता : सम्भावना र अवसरहरू
**- पद्मरत्न तुलाधर** ११

६. शान्तिवार्तामा सहमति निर्माणको रणनीति
**- शैलेन्द्रकुमार उपाध्याय** १५

७. नेपालको शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको भूमिका
**– निलाम्बर आचार्य** १९

८. शान्ति प्रक्रियामा 'शान्तिका लागि नागरिक ऐक्यबद्धता' को भूमिका
**- मथुराप्रसाद श्रेष्ठ** २३

९. शान्ति प्रक्रियामा नागरिक समाजको भूमिका
**- श्याम श्रेष्ठ** २५

१०. खुल्ला छलफल र प्रतिक्रियाहरू २८

११. सभापतिको समापन मन्तव्य
**- लक्ष्मणप्रसाद अर्याल** ३१

१२. सहभागीहरूको नामावली ३२

१३. कार्यक्रम ३३

# आगामी शान्तिवार्ता : सम्भावना र चुनौतीहरु

## १. भूमिका

शान्तिका लागि सहकार्यको मुख्य उद्देश्य नेपालमा द्वन्द्व रूपान्तरणको क्षेत्रमा अनुसन्धान गर्नु र शान्ति प्रक्रियामा योगदान पुऱ्याउनु हो । माओवादी विद्रोहले सिर्जना गरेको संकटको समयमा स्थापना भएको यस संस्थाको मुख्य ध्येय सामाजिक र राजनीतिक विषयमा अनुसन्धान गर्ने, छलफल गर्ने र यसबाट निस्केका निष्कर्षहरूलाई सम्प्रेषण गर्ने मञ्चको रूपमा आफूलाई विकास गर्नु हो । नेपाली समाजमा द्वन्द्व रूपान्तरण गर्न चाहिंने ज्ञानको आधारभूत पूर्वाधार र त्यसका लागि गहकिला रणनीति विकास गर्ने यसको उद्देश्य रहेको छ ।

विश्व इतिहासको अनुभव हेर्दा द्वन्द्व राजनीतिक, आर्थिक, सांस्कृतिक र जातीय असमानताको कारण उत्पन्न हुने गरेको पाइएको छ । तसर्थ द्वन्द्व रूपान्तरण र दिगो शान्ति स्थापना गर्न द्वन्द्वका आधारभूत कारणहरूको निदान र तिनको समाधान पत्ता लगाउन आवश्यक हुन्छ । यस सन्दर्भमा द्वन्द्व रूपान्तरण र शान्ति स्थापनाका प्रयासहरूलाई सघाउने उद्देश्य लिएर स्थापना भएको यस संस्थाले द्वन्द्व समाधान र शान्ति स्थापनाका सैद्धान्तिक पक्षहरूको अध्ययन, अनुसन्धान र अन्य देशहरूले द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाका क्षेत्रमा हासिल गरेका तुलनात्मक अनुभवहरू उपलब्ध गराई द्वन्द्वरत पक्ष, वार्ताकार र सहजकर्ताहरूलाई सहयोग पुऱ्याउने प्रयास गरिरहेको छ ।

नेकपा (माओवादी) ले झन्डै एक दशकअघि सुरु गरेको जनयुद्ध र यससँग सम्बन्धित द्वन्द्वले धेरै जनधनको क्षति भइसकेको छ । विगतमा दुई-दुई पटकसम्म पनि युद्धविराम गरेर शान्तिवार्ता भए पनि ती वार्ताहरू धेरै दिन चल्न सकेनन् । तसर्थ युद्ध सधैंका लागि सकिएर शान्तिपूर्ण जीवनयापन गर्ने नेपाली जनताको चाहनामा तुषारापात भएको छ । द्वन्द्वको स्थितिले देशको राष्ट्रिय एकता खलबलिएको छ, अविश्वास बढेको छ र जनतामा विभाजनको गहिरो रेखा कोरिएको छ । राष्ट्रिय एकतालाई सुदृढ पार्न र सम्पूर्ण राजनीतिक शक्तिहरू बीचमा शान्ति स्थापनाको विषयमा आमसहमति प्राप्त गर्न संवादको दायरालाई अरू फराकिलो बनाउँदै लानु जरुरी छ । संवाद र सहमतिमात्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणको आधार हुनसक्छ । हतियार र सैनिक शक्तिको बलमा संसारको कुनै पनि ठाउँमा दिगो शान्ति स्थापना हुन नसकेको यथार्थलाई द्वन्द्वरत पक्षहरूले महसुस गर्नु जरुरी छ ।

हालै अन्तर्राष्ट्रिय मानवअधिकार संगठन एम्नेष्टी इन्टरनेसनलले प्रकाशित गरेको २०६१ सालको वार्षिक प्रतिवेदनमा मानिस बेपत्ता पार्ने देशहरूमा नेपाल संसारभरिमै सबैभन्दा अगाडि रहेको कुरा उल्लेख गरिएको छ । यो अत्यन्त चिन्ताजनक कुरा हो । मानवअधिकार

उल्लंघनका घटनाहरूप्रति राज्य र विद्रोही पक्ष दुवै संवेदनशील नहुने हो भने नेपालले छिटै नै अभूतपूर्व मानवीय विपत्ति भोग्नु पर्नेछ ।

देशको वर्तमान गम्भीर परिस्थितिलाई ध्यानमा राखी द्वन्द्वरत पक्षहरूबाट जेनेभा सन्धि र अन्य मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरूको गम्भीर परिपालना हुन अनिवार्य देखिएको छ । द्वन्द्वको परिप्रेक्ष्यमा आयोजना हुने कुनै पनि अन्तर्क्रिया कार्यक्रमहरूले संवाद र सहमतिका नयाँ बाटाहरू र शान्ति स्थापनाका वैकल्पिक उपायहरूको बारेमा विचार-मन्थन गर्न आवश्यक छ ।

आज समग्र देश हिंसाले ग्रसित छ र शान्ति तथा द्वन्द्व रूपान्तरणका वैकल्पिक उपायहरूको खोजी पनि भइरहेको छ । यो अन्तर्क्रिया यसैको श्रृङ्खला हो । यस कार्यक्रममा भएका गहन छलफल र अन्तर्क्रियाले यी अवसर र बाटाहरूको खोजीमा सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

# २. प्रमुख अतिथिको मन्तव्य

**"जनमत संग्रहबाट जनताको राय बुझ्नुपर्छ"**
**"संयुक्त राष्ट्रसंघको सक्रिय सहभागिता र सहयोग प्रभावकारी र उपलब्धिमूलक हुन सक्दछ ।"**

**- विश्वनाथ उपाध्याय, पूर्वप्रधानन्यायाधीश**

देशमा केही वर्षदेखि चल्दै आएको सशस्त्र संघर्षमा सम्बद्ध श्री ५ को सरकार र माओवादी पक्षहरूका बीच निकट भविष्यमै पुनः एकपटक शान्तिवार्ता प्रारम्भ भई शान्ति स्थापनाको प्रक्रिया सुरु हुने अपेक्षा हामी सबैले गरेका छौं ।

शान्ति स्थापनाको कार्यमा विभिन्न रूप र हैसियतमा सक्रिय भूमिका निर्वाह गरी अमूल्य ज्ञान र अनुभव सँगाल्नुभएका प्रवुद्ध वक्ताहरूका विचारहरू निःसन्देह ज्ञानबर्द्धक र मननयोग्य छन् । शान्ति प्रक्रियामा आउन सक्ने समस्या र चुनौतीका सम्बन्धमा मेरो कुनै खास अनुभव छैन ।

माओवादी आन्दोलनले राज्यविरुद्ध सशस्त्र संघर्षको घोषणा गरेको लामो समय भयो । तर विद्यमान द्वन्द्व र संघर्षको कुनै अन्त्य देखिँदैन । यस अवधिमा संघर्षरत पक्षहरूबाट भएका अथवा हुने गरेका हत्या, हिंसा, अपहरण, बलात्कार, सार्वजनिक र निजी सम्पत्तिको विनाश, आफ्नो नियन्त्रण वा हिरासतमा रहेका व्यक्तिलाई गरेको अमानवीय यातनाका हृदयविदारक घटनाहरूले देशभरि नै भय, त्रास, अन्योल र आतङ्क सिर्जना गरेको छ । संघर्षको दौरानमा दसौं हजार व्यक्तिहरूले आफ्नो ज्यान गुमाउनुपरेको छ भने हजारौं व्यक्तिहरू आफ्ना घर र परिवारबाट विस्थापित भई स्वदेश वा विदेश जहाँ भए पनि शरण लिन विवश छन् ।

माओवादीलाई आङ्ककारी घोषित गरी आतङ्कको प्रतिकारका लागि सैनिक र सशस्त्र प्रहरीबलको परिचालन गरी कठोर कानुनी वा गैरकानुनी उपायहरूको अवलम्बन गर्दा पनि देशमा शान्ति व्यवस्था कायम गरी जनताको जीउधनको सुरक्षा गर्ने आफ्नो प्राथमिक दायित्व पूरा गर्न राज्य सर्वथा असफल हुँदै गएको प्रतीत हुन्छ । आतङ्क पीडित सर्वसाधारण जनतालाई राहत दिने कुनै व्यवस्था छैन । तिनलाई न्याय दिलाउने कुनै सरकार छैन, कानुन छैन । माओवादी आन्दोलनको प्रतिकारका लागि सैनिक र सशस्त्र प्रहरीबल परिचालन भएपछि स्थिति नियन्त्रणमा आउनुको सट्टा संघर्षको प्रकृति र क्षेत्र विस्तारित हुँदै गएको छ । जिल्लाका सदरमुकाम बाहेक ग्रामीण क्षेत्रमा राज्यले नियमित रूपमा सुरक्षा कारबाही चलाएको अवस्थामा बाहेक अन्य अवस्थामा आधिकांश समय त्यहाँका जनता माओवादीको नियन्त्रणमा हुने गरेको बुझिन्छ । यथार्थमा अहिले माओवादी र राज्यपक्षबीच संघर्ष कुनै निर्णयक परिणतिमा पुग्ने सम्भावना नै देखिँदैन । यो गतिरोधात्मक स्थितिको अन्त्य गरी चाँडोभन्दा चाँडो समस्याको निकास पहिल्याउन सकिएन भने विश्व समुदायका सामु हाम्रो देश एउटा असफल राष्ट्रका रूपमा चिनिने र विदेशी हस्तक्षेप हुनसक्ने सम्भावना पनि बढ्दै

गएको छ । हाम्रो देशलाई आर्थिक तथा सैनिक सहायता दिने शक्तिशाली राष्ट्रहरूले पनि अब यो यथार्थलाई स्वीकार गरी माओवादी समस्याको समाधान वार्ताको माध्यमबाट खोजुन् भन्ने कुरामा जोड दिन थालेको सबैमा विदित छ । यस सम्बन्धमा संयुक्त राष्ट्रसंघका महासचिव र युरोपेली युनियनका पदाधिकारी लगायत पूरै विश्व समुदायले चासो र चिन्ता व्यक्त गर्दै वार्ताको सफलताका लागि यथासम्भव सहयोग पुऱ्याउने उत्सुकता पनि प्रकट गर्ने गरेका छन् । नेपाली जनताको पनि एकमात्र चाहना वर्तमान संघर्ष रोकियोस् र सबै समस्याहरूको समाधान वार्ताको माध्यमबाटै खोजियोस् भन्ने रहेको छ । तथापि यसअघि सम्पन्न शान्तिवार्ताहरू किन सफल हुन सकेनन् ? नेपाली जनताले बुझ्नसकेका छैनन् ।

यथार्थमा जनताको नाममा शासन गर्ने अथवा जनआन्दोलन र सशस्त्र संघर्ष सञ्चालन गर्ने कसैलाई पनि जनताको पीडा र त्यसबाट मुक्ति पाउने जनताको इच्छाको कत्ति पनि प्रवाह नभएजस्तै प्रतीत हुन्छ । सबका आ-आफ्नै धारणा, कार्ययोजना र रोडम्याप छन्, तर क्रूर नियतिले हामीलाई सम्पूर्ण विनाशतिर डोऱ्याउनुभन्दा पहिल्यै यदि हामीले समस्याको सही निकास खोज्न सकेनौं भने इतिहासले हामीलाई माफ गर्ने छैन भन्ने कुरा हामी सबैले बुझ्नु आवश्यक छ । मेरो विचारमा शान्तिवार्ताको माध्यमबाट माओवादी समस्याको समाधान हुन नसक्ने कुनै तर्कसङ्गत कारण छैन । नीतिगत कुरालाई लिएर वार्तामा यदाकदा गतिरोध आउन सक्छ, त्यो स्वाभाविक पनि हो । तर देशको अस्तित्वको रक्षा गर्ने र जनतालाई भय, त्रास र आतङ्कबाट मुक्ति दिने कार्यमा कुनै पनि सैद्धान्तिक वा नीतिगत गतिरोध बाधा बन्न दिनु हुँदैन । तसर्थ आफूले रोजेको प्रतिनिधिमार्फत् देशको शासन व्यवस्था सञ्चालन गर्ने लगायतका जनतताका आधारभूत अधिकारहरूको अक्षुण्णतालाई स्वीकार गर्दै अन्य संवैधानिक र शासन व्यवस्थासम्बन्धी नीतिगत कुराहरूमा उत्पन्न गतिरोध पारस्परिक छलफल र समझदारीबाट समाधान हुन सकेन भने त्यस सम्बन्धमा जनतालाई अन्तिम निर्णयकर्ता मानेर जनमत संग्रहद्वारा जनताको राय बुझ्ने र त्यसैअनुरूप गतिरोधको समाधान गर्नेगरी शान्ति प्रक्रियालाई परिणाममुखी बनाउनु वाञ्छनीय हुन्छ भन्ने मलाई लाग्दछ ।

संघर्षरत पक्षहरूका बीच विद्यमान विश्वासको संकटलाई दृष्टिगत गर्दा वार्ता प्रक्रियालाई बढी विश्वसनीयता प्रदान गर्न र वार्ताद्वारा भएका सहमति र सम्झौताहरू यथार्थमा कार्यान्वयन गरिनेछन् भन्ने कुरामा दुवै पक्षलाई आश्वस्त गराउन संयुक्त राष्ट्रसंघजस्तो अन्तर्राष्ट्रिय संस्थाको सक्रिय सहभागिता र सहयोग प्रभावकारी र उपलब्धिमूलक हुनसक्छ भन्ने मलाई लाग्दछ ।

# ३. शान्ति प्रक्रियामा देखिएको सुचना श्रोतको कमी पुरा गर्नमा शान्तिका लागि सहकार्यको भूमिका

**- विष्णुराज उप्रेती**

हाम्रो संस्थाले गर्न लागेको गतिविधिले द्वन्द्व रूपान्तरण र शान्ति प्रक्रियालाई कसरी सहयोग पुऱ्याउन सक्दछ भन्ने बारेमा केही बँदाहरू यहाँहरू समक्ष राख्नेछु ।

हामीकहाँ सशस्त्र द्वन्द्व नयाँ नै भएको हुनाले यो क्षेत्रमा चाहिनेजति अध्ययन-अनुसन्धान भएको छैन भन्ने हामीलाई महसुस भयो र हामी यो प्रक्रियामा राजनीतिज्ञहरू तथा नागरिक समाजसँग व्यापक रूपमा परामर्श गरिरहेका छौं । द्वन्द्व समाधानका सम्बन्धमा अहिलेसम्म भएका थुप्रै प्रयासहरूलाई पनि सुत्रबद्ध गरिराखेका छौं । यसबारे थुप्रै दाताहरू, गैरसरकारी संघ-संस्थाहरूले अध्ययन गरेको भए तापनि द्वन्द्व रूपान्तरणका लागि चाहिने आधारभूत कुराहरूमा गहिरो अध्ययन-अनुसन्धान नभएको जस्तो हामीले महसुस गऱ्यौं र त्यो खाँचोलाई एक हदसम्म भए पनि पूरा गर्न सकिन्छ कि भनेर केही क्षेत्रहरूमा काम थालेका छौं, जस्तै- अन्तर्राष्ट्रिय अनुभवहरूलाई तुलनात्मक अध्ययन गर्ने क्रममा विभिन्न देशहरूमा के कस्ता विवादित विषयहरूलाई कसरी निराकरण गरिएको छ भनेर अहिले लगभग १२/१३ वटा देशहरूको द्वन्द्वका सम्बन्धमा अध्ययन भइरहेको छ । त्यसैगरी स्थानीय स्तरमा के कस्ता शान्तिका प्रयत्नहरू भइराखेका छन् र त्यसलाई केन्द्रीय प्रयासहरूसँग कसरी व्याख्या गर्न सकिन्छ भन्ने बारेमा पनि १०/१२ वटा जिल्लाहरूमा हामीले अध्ययन गर्दैछौं । हाम्रो उद्देश्य आगामी वार्तालाई सहयोग पुगोस् भन्ने हो ।

दोस्रो कुरा, द्वन्द्वको पृष्ठभूमिमा सञ्चार र युद्ध साह्रै महत्त्वपूर्ण हुँदारहेछन् । 'युद्धमा सञ्चारको चासो' भन्ने विषयमा पनि हामी अध्ययन गरिराखेका छौं । मध्यस्थता र सहजीकरणजस्ता आधारभूत कुराहरूका बारेमा पनि हामी काम गरिराखेका छौं । हामीले पहिचान गरेको अर्को क्षेत्र हो- सुरक्षा क्षेत्र । अन्तर्राष्ट्रिय अनुभवहरूले के देखाएका छन् भने द्वन्द्व रूपान्तरणको अत्यन्तै महत्त्वपूर्ण भाग भनेको सुरक्षा क्षेत्रको सुधार हो । यसमा नागरिक अधिकारका कुराहरू, न्यायिक सुधारहरू, हतियार आदान-प्रदान तथा व्यवस्थापनका कुराहरू आदि महत्त्वपूर्ण छन् । यस विषयमा हाम्रो देशमा ठूलै अध्ययन-अनुसन्धान चाहिन्छ । यसले मात्र भोलि राज्य र विद्रोही पक्षका बीचमा वार्ता भइसकेपछि यी विषयलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा टुंगो लगाउन सकिन्छ भनेर हामीले यो अध्ययन-अनुसन्धान सुरु गरेका हौं । नागरिक समाज र सुरक्षा क्षेत्रको सम्बन्धलाई कसरी व्याख्या गर्न सकिन्छ भन्ने बारेमा हाम्रो अध्ययन-अनुसन्धान चलिराखेको छ ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको हाम्रो द्वन्द्वमा अन्तर्राष्ट्रिय पक्षहरूको भूमिकासम्बन्धी अध्ययन हो । भारत, अमेरिका, बेलायत, युरापेली युनियन, संयुक्त राष्ट्रसंघ, चीन तथा सार्क

मुलुकहरूको भूमिकाका सम्बन्धमा हामीले अनुसन्धानको प्रक्रियालाई अगाडि बढाउन गइराखेका छौं । यसको प्रथम चरणमा साना तथा हल्का हतियारको ओसारपसार र दुरुपयोग, खुल्ला सिमाना र वर्तमान द्वन्द्वको सम्बन्ध, वर्तमान द्वन्द्वको परिप्रेक्ष्यमा भारतसँगको जलस्रोत विवाद र आगामी शान्ति प्रक्रियामा भारतको भूमिकाका विषयमा पनि हाम्रो अध्ययन भइराखेको छ । हामीले काम गर्न थालेको चौथो क्षेत्र भनेको द्वन्द्व समाधानपछिको रूपान्तरण प्रक्रिया (Post Conflict Transformation) र समाधान हो । यस अन्तर्गत हामीले केही क्षेत्रहरू पहिचान गरेका छौं । सैन्य परिचालन रोक्ने प्रक्रिया, निशस्त्रीकरण, पुनर्स्थापना, पुनर्निर्माणजस्ता कुरामा हामीले निकै ठूलो बौद्धिक खाडल देखेकाले यसमा पनि काम गर्न थालेका छौं । हाम्रो देशमा द्वन्द्वसम्बन्धी अनुसन्धान केन्द्रको अभाव छ । द्वन्द्व रूपान्तरण, शान्ति प्रक्रिया, आतंकवाद र युद्धसम्बन्धी अध्ययन-अनुसन्धान गर्ने सामग्रीहरूको अभाव देखिएकाले त्यसको संकलन गर्नमा पनि हामी लागेका छौं । अनुसन्धानमा लाग्न चाहनेहरूका लागि सजिलो होस् भनेर हामीले अहिले यो देशमा नभएका दुई हजारभन्दा बढी द्वन्द्वसम्बन्धी सामग्रीहरू भेला पारेका छौं । अहिलेसम्म यो देशमा भएका अध्ययन-अनुसन्धान र त्यससम्बन्धी प्रतिवेदनहरू पनि अध्ययन केन्द्रमा उपलब्ध गराएर नागरिक समाज तथा राजनीतिक नेताहरूलाई आधारभूत ज्ञानका लागि सहायता प्रदान गर्ने हाम्रो अर्को उद्देश्य रहेको छ ।

# ४. शान्तिवार्ता : व्यवधान र चुनौतीहरु

**- दमननाथ ढुङ्गाना, पूर्वसहजकर्ता**

वार्ता र युद्धविराम एउटै होइन । आज मुलुक हिंसाबाट निकै पीडित छ । राष्ट्रलाई कति क्षति भइसक्यो भन्ने पनि हामीलाई थाहा छ । आज सारा नेपालीको मुटुको एउटै धड्कन, एउटै पुकार र राष्ट्रको आत्माको एउटै चाहना छ- शान्ति, शान्ति, शान्ति । तर शान्ति भन्नु र शान्तिका लागि वार्ता भन्नु अलग कुरा हो । शान्तिको पहिलो खुड्किलो युद्धविराम हुन सक्दछ । तर वार्ता भनेको अर्कै कुरा हो । वार्तामा पनि केही नागरिक समाजका संस्थाहरू पनि हुँदारहेछन् र व्यक्तिहरू पनि हुँदारहेछन् । वार्तामा युद्धरत पक्षहरू आउन् कि नआउन्, जति-जति बन्दुक पड्क्यो, त्यति-त्यति वार्ता-वार्ता भनेर हामीजस्ता मान्छेहरू कराउँदा रहेछौं । तर युद्धरत पक्षहरूलाई वार्तामा आउनुपर्ने खास कारणहरू परेको हुँदोरहेछ । वार्तामा जाऔं भन्ने दृष्टिकोणको दुवै पक्षमा समानता भयो भने वा पार्न सकियो भने वार्तामा आउँदारहेछन्, नभए आउँदा रहेनछन् । वार्तामा आए पनि उनीहरूको वार्तामै रणनीति हुँदोरहेछ । दुवै पक्षले वार्तामा आएर रणनीतिक उपलब्धि हासिल गरौंला भन्दारहेछन् । तर जहाँ पनि वार्ताबाट निकटता ल्याउने, हिंसा अन्त्य गर्ने र अन्तर्राष्ट्रिय जगत्को विश्वास बढाउने उद्देश्य राखिएको हुँदोरहेछ । खालि वार्तालाई एकअर्काको लाभका लागि लिनेमात्रै हुँदो रहेनछ । त्यसकारण सबभन्दा पहिले हामीले 'माइन्ड सेट' बदल्न सक्नुपर्दछ । हामी केही चिजका बन्दी भइसकेका छौं । वार्तामा बस्नुभन्दा अगाडि यो जञ्जिर तोड्न जरुरी छ ।

दुई चरणमा तीन-तीनचोटि वार्ता भइसकेको छ । यसका पृष्ठभूमि र अनुभवहरूको कडीका रूपमा मात्रै अब वार्ता हुन सक्दछ । विगतका वार्ताहरूमा के भयो ? अब त्यसलाई नदोहोरिने गरी कसरी वार्ता गर्ने ? यसमा पनि उत्तिकै ध्यान दिन जरुरी छ । युद्धविराम पनि त्यसै हुँदैन । युद्धविराम पनि आफैंमा एउटा सहमति हो । तर त्यो सहमति त्यति प्रकाशमा आएन । विगतको कुरा गर्ने हो भने पहिलोचोटि शेरबहादुरजी प्रधानमन्त्री हुनुभएका बेला टेलिफोनमै वार्ता गरेर प्रचण्डजीसँग युद्धविराम हुने भनियो । पृष्ठभूमिमा धेरैजना साथीहरू हुनुहुन्थ्यो होला, तर टेलिफोन वार्ताबाटै युद्धविराम हुने भन्ने भयो । त्यतिबेला ८ महिनाजति लामो युद्धविराम भयो । तर के कुरामा सहमति भएर युद्धविराम भएको थियो भन्नेचाहिँ कहिल्यै पनि बाहिर आएन । हामी गोदावरीबाट छुटेको पहिलो वार्ताकालमा माओवादीहरूले संविधानसभा तपाईंहरू मान्नुहुन्न भने कुरा गर्नु बेकार छ, संविधानसभा नै हाम्रो 'बटमलाइन' हो भनेका थिए । एकातिर वार्तामा बसिरहनुहुन्छ, अर्कोतर्फ सैनिकीकरण गरिरहनुहुन्छ, त्यसकारण वार्ता बेकार छ भनेका थिए । वार्ता गर्न बस्दा पनि माओवादीहरू सैनिकीकरणका बारेमा अत्यन्तै कडा मुद्दा बनाएर प्रस्तुत भएका थिए । नभन्दै दाङमा हतियार लगेर थुपारेको रहेछ, अनिखेरि त्यो हतियार रोल्पातिर गाउँमा जान्छ भनेर उनीहरूले आक्रमण गरे । त्यसरी वार्ता भङ्ग भयो । यसकारण अब हाम्रो ध्यान केमा गएको छ भने वार्ता त हुनुपर्दछ, तर वार्ताको लागि वार्ता होइन ।

अगाडि हामी जहाँ पुगेका छौं र जहाँ मतभेद भएको छ, त्यसलाई सहमतिमा पुऱ्याउने स्थिति बन्यो कि बनेको छैन ? युद्धविराममा हामीले बढी जोड त दिनुपर्छ, तर युद्धविराममा हुँदा केमा सहमति भएर युद्धविराम भएको हो भन्ने कुरा सार्वजनिक हुनुपर्दछ । संविधानसभाको बारेमा छलफल गर्छौं भनेर वार्तामा बोलाएको हो कि होइन भन्ने कुरा दोस्रोचोटिको वार्तामा पनि प्रस्ट भएन । पहिलोचोटि सरकारी अवधारणापत्र यस रूपमा आएन । माओवादीले त संविधानसभा नै हाम्रो 'बटमलाइन' हो भनिसकेका थिए । दोस्रोचोटि पनि सरकारी पक्षबाट यसबारे स्पष्ट धारणा आएन । मलाई के लाग्छ भने अब सहमतिका विन्दुहरू सबै सार्वजनिक भइसकेका छन् । अब यी बुँदाहरूमा राम्रो 'एक्सरसाइज' भएपछि मात्रै वार्ता र संवादका लागि बस्नुपर्ने हो कि ? तर हिंसाको जुन नियमितता छ, यसलाई रोक्नका लागि युद्धविराममै जोड दिनुपर्दछ । शान्तिका खुड्किलाहरूमा हामी एकैचोटि सहमतिमा पुग्न सक्दैनौं, दूरी धेरै बढिसकेको छ । यद्यपि हाम्रो द्वन्द्वको प्रकृतिलाई हेर्दा विषयगत रूपमा श्रीलङ्काको जस्तो जटिल छैन । तर यो ३ वर्षभित्रमा जटिलता अर्को किसिमको बढेको छ । आन्तरिक राजनीतिमा जटिलता बढेको छ । पहिला, प्रधानमन्त्री देउवा प्रतिनिधिसभाको विश्वासप्राप्त प्रधानमन्त्री हुनुहुन्थ्यो, पछिल्ला चन्द-देउवाजीहरू धारा १२७ अन्तर्गतका प्रधानमन्त्री भएकाले ठूलो अन्तर आएको छ । संसद्को विश्वासप्राप्त प्रधानमन्त्री जहिले पनि राष्ट्रिय सहमतिकै प्रधानमन्त्री हुन्छ । तर संसद्को विश्वास प्राप्त नभएको अवस्थामा प्रधानमन्त्रीले कुनै कुराको आश्वासन गर्ने अधिकार कति राख्छ ? यही कारणले राजनीतिक रूपमा अहिले जटिलता बढेको छ ।

हापुरेको वार्तामा हामी जब वास्तविक विषयमा प्रवेश गर्दै थियौं, राति नै दोरम्बाको घटना घटाइएको रहेछ । किन त्यसो गरियो ? मलाई लाग्छ, यदि वार्ता निरन्तर गरेको भए माओवादी टोलीले तपाईंहरूको के अख्तियारी छ, तपाईंहरूले हामीलाई के दिन सक्नुहुन्छ भन्ने प्रश्न उठाउँथ्यो । उनीहरूले बारम्बार यो प्रश्न उठाएका थिए र हामी सहजकर्तालाई पनि कतिपय बेलामा असजिलो पारेका थिए । वैधानिक नभए पनि राज्यको पावर लिएर सिंहदरबारमा जो बस्छ, काम चलाउ भए पनि त्यही सरकार हो भनेर हामीले भन्यौं र विद्रोही पक्ष वार्तामा आयो । सरकारको वैधानिकताबारे प्रश्न उठाउँदा-उठाउँदै माओवादीहरू वार्तामा आएका थिए । उनीहरू यो प्रश्न वार्तामा उठाउने पक्षमा थिए । वार्तामा उनीहरूले संविधानसभालाई छाड्न पनि सक्ने थिए होलान् । तर यही बेलामा दोरम्बा घटना भयो । अहिलेको सरकार राष्ट्रिय सहमतिको सरकार हो कि होइन भनेर म भन्दिन । निर्वाचनबाट मात्रै सरकारलाई जनादेश प्राप्त हुन्छ । तर अहिले निर्वाचनको स्थिति छैन । यो बेलामा राष्ट्रिय सहमतिबाटै जनादेश प्राप्त हुन्छ ।

शान्ति कसरी प्राप्त हुन्छ ? संविधानसभा मात्रै भनेर भएन । संविधानसभा एकाएक कसले घोषणा गर्दछ ? आन्दोलनबाट गयो भने एउटा चरणमा क्रान्तिकारी सार्वभौम जनताले संविधानसभाको घोषणा गर्न सक्दछ । अन्यथा संविधानसभा कहाँबाट घोषणा हुने ?

संविधानसभामा सहमति नै भयो भने पनि राज्यपक्ष जसरी हुन्छ राजनीतिक सम्मेलनमा बस्नैपर्छ । यसकारणले हामीले शान्तिका विधिहरूलाई बुझ्नुपर्दछ, खुट्किलाहरूलाई बुझ्नुपर्दछ । खुड्किला भनेको के हो भने सबभन्दा पहिले द्वन्द्वलाई पहिचान गर्ने सहमितका ठाउँहरू र असहमतिका ठाउँहरूका बारेमा राम्रो अध्ययन गर्ने, त्यसको प्रतिवेदन, 'तेरिज' बनाउने । असहमतिलाई कसरी सहमतिमा ल्याउने भन्ने सम्बन्धमा काम गर्ने राष्ट्रिय स्तरको कुनै निकाय हुनुपर्दछ । त्यसलाई म धेरै वर्षदेखि साझा संयन्त्र भनिरहेको छु । साझा संयन्त्र भन्दा कतिपयले त्यसलाई जनताको राजनीतिलाई संसद् बाहिर लग्ने हाउगुजी देखे । साझा संयन्त्र किन चाहिएको थियो भने सबैजना एकै ठाउँमा बसेर प्रजातन्त्रमाथि आइरहेको हिंसाको चुनौतीलाई सम्बोधन गर्ने कुनै निकाय नै राष्ट्रमा छैन । यसर्थ एउटा राष्ट्रिय निकाय चाहिन्छ । स्वीट्जरल्यान्डमा भएको एउटा कार्यशालामा हामीले कार्यपत्र लेखेका थियौं । हामीले त्यो साझा संयन्त्रलाई 'शान्ति आयोग' भन्ने नामकरण गरेका थियौं । अहिले हामीलाई बढो खुसी लागेको छ, नागरिक समाजका विभिन्न खेमाका साथीहरूले शान्ति आयोगलाई ग्रहण गर्नुभएको छ । यसकारण राष्ट्रिय संयन्त्रको निर्माण नै शान्तिको पहिलो खड्किलो हो । यो संयन्त्रमा माओवादीको पनि कुनै न कुनै किसिमको प्रतिनिधित्व गराउने हाम्रो चेष्टा हुनैपर्दछ । द्वन्द्वका सबै पक्षहरू एक ठाउँमा बस्नैपर्दछ । साझा सिद्धान्तमा सहमत हुने यन्त्रहरूको निर्माण गर्नका लागि राष्ट्रिय नियोग बनेपछि त्यसबाटै मोटामोटी कुराहरूमा सहमतिमा पुग्नुपर्दछ र त्यसपछि राजनीतिक क्षेत्रसँगको सम्मेलनमा बसेर छलफल गरिनुपर्दछ । पहिलेको जसरी हुँदैन । द्वन्द्वरत सबै पक्षहरू एकै ठाउँ नबसी कुनै राष्ट्रको पनि द्वन्द्व समाधान भएको छैन । टेबुलमा बस्नुपऱ्यो नि । टेबुल पनि तह-तहमा हुनुपऱ्यो । पहिले शान्ति आयोगमा बस्नुपऱ्यो । विशेषज्ञ र राजनीतिक पार्टीका नजिकमा सहमतिमा पुग्नुपऱ्यो, अनि त्यो सहमतिलाई 'रिफाइन' गर्नुपऱ्यो र राजनीतिक सम्मेलनमा पुग्नुपऱ्यो । त्यसले मात्रै संविधानसभामा जाने हो कि होइन भन्ने कुराको टुङ्गो लगाउँछ । त्यसबेला संविधानसभाका पक्षधरले संविधानसभाको कुरा राख्छन्, विकल्प दिनेहरूले विकल्प दिन्छन् । यो सम्मेलनले गरेको निर्णयबाट मात्रै राजनीतिक निकास निस्कन सक्छ । त्यसका लागि पहिले हामीले हाम्रो 'माइन्डसेट' बदल्नुपऱ्यो । राजनीतिक दलहरू स्वार्थभन्दा माथि उठ्नुपऱ्यो । राजनीतिक दलहरूलाई हामीले राष्ट्रिय मूल बाटोमा ल्याउन सकिरहेका छैनौं । सत्ताको नजिक रहँदा यो समस्यालाई एउटा दृष्टिकोणले हेरिन्छ र सत्ता गयो भने अर्कै किसिमले हेरिन्छ । सत्ताको चस्माले राष्ट्रिय सङ्कटलाई हेरिदिनु भएन । कमसेकम दलहरू माथि उठिदिनुपऱ्यो । मैले 'माइन्डसेट' भनेको त्यही हो ।

पहिले एउटा राष्ट्रिय निकाय, त्यसपछि राजनीतिक सम्मेलन र सो सम्मेलनको निर्णय नै हाम्रो निकास हुनुपर्दछ । अब यो कसरी गर्ने ? समाधान गैरनागरिकबाट हुँदैन । गैरनागरिक समाधान कि नागरिक समाधान ? मूल दार्शनिक अन्तर यहीँ छ । हामीले गैरनागरिक समाधानमा जाने हो भने केही पनि हुनेवाला छैन । तर नेपालमा गैरनागरिक प्रवृत्ति हावी भएको देखिन्छ । पहिलेको वार्तामा पनि त्यही देखापऱ्यो । दोस्रो चरणको वार्तामा सारा

अन्तर्राष्ट्रिय जगत्ले दोरम्बालाई देखाए, पाँच किलोमिटरको विवादले पनि के देखाउँछ भने ‘पावर’ नागिरकहरूमा छ कि गैरनागरिक निकायहरूमा छ ? यसको छिनोफानो जनमतबाटै हुनुपर्छ ।

# ५. शान्तिवार्ता : सम्भावना र अवसरहरु

- पद्मरत्न तुलाधर, पूर्वसहजकर्ता

मेरो विचारमा माओवादी जनयुद्धबाट उत्पन्न राष्ट्रिय संकटको शान्तिपूर्ण समाधानका लागि धेरै सम्भावनाहरू अहिले पनि छन् र धेरै अवसरहरू पनि विद्यमान छन् । एक वा अर्को भाषामा हामी सबै भनिरहेका छौं कि फौजी समाधान हुनै सक्दैन र समाधान भनेको शान्तिपूर्ण वार्ताका माध्यमबाट मात्रै सम्भव छ । झन्डै-झन्डै यो राष्ट्रिय सहमतिको विषय हो । अरू विषयमा हामी विभिन्न विचार राख्दछौं, तर कमसेकम समस्याको समाधान शान्तिपूर्ण तरिकाले हुनुपर्दछ र हुन सक्दछ भन्ने कुरामा राष्ट्रिय सहमति कायम छ । मेरो विचारमा त अन्तर्राष्ट्रिय सहमतिसमेत कायम छ । अमेरिकादेखि लिएर भारतसम्मको कुरा गर्ने हो भने वार्ता गर, वार्ता गर भनेर उनीहरूले पटक-पटक भनिरहेको हामी पाउछौं । युरोपेली युनियन वक्तव्य जारी गर्दछ र वार्ता गर भन्छ । कम्युनिज्म विरोधी महाशक्ति अमेरिकाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई प्रत्यक्ष सम्बोधन गर्दछ र वार्तामा बस भन्दछ । यसको अर्थ सैनिक समाधान सम्भव छैन र निकास भनेको शान्तिपूर्ण मात्रै हुन सक्दछ भन्ने हो । यसकारण वार्ता र संवादका सम्भावना प्रशस्तै छन् ।

माओवादीहरू किन वार्तामा आएनन् त ? माओवादीको भाषामा यो संसदीय बुर्जुवा व्यवस्थालाई ध्वस्त गरेर जनवादी व्यवस्था स्थापना गर्ने भन्ने राजनीतिक उद्देश्य राखी युद्ध सुरु गरेको पार्टी किन वार्तामा आउँछ ? यसको शान्तिपूर्ण समाधान कसरी सम्भव हुन्छ ? यो प्रश्न उठ्ने गरेको छ । दर्शनको आधारमा हेर्ने हो भने सम्भव नहोला । मलाई थाहा छैन, पुँजीवाद र साम्यवादबीच अथवा सामन्तवाद र साम्यवादबीच वार्ताको माध्यमबाट द्वन्द्वको समाधान हुनसक्छ कि सक्दैन ? मेरो विचारमा नहुन पनि सक्दछ । तर तत्काल देशमा एउटा संकट उत्पन्न भयो, सबैले शान्ति स्थापना हुनुपर्दछ भने, विदेशीहरूको चलखेल बढेको कुरा आयो, अथवा विदेशी हस्तक्षेपसमेत हुन सक्दछ भन्ने कुराहरू आइसकेपछि राज्य पनि वार्ताकै पक्षमा र विद्रोहीहरू पनि वार्ताकै पक्षमा उभिएको हामीले पाएका हौं । अनि जनताको दबाब, नागरिक समाजको दबाब, अरू राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाब सिर्जना भएका कारणले दुवै पक्षले वार्ता सम्भव हुन्छ भन्ने कुरालाई स्वीकार गरेका छन् । वार्तामात्रै सम्भव होइन कि वार्ताको माध्यमबाट शान्तिपूर्ण समाधान पनि सम्भव हुन्छ भन्ने आधारमा दुवै पक्षले कमसेकम सार्वजनिक रूपमा केही प्रतिबद्धताहरू व्यक्त गर्दै दुई-दुईचोटि वार्तामा बसिसकेका छन् । यसकारण पनि वार्ता र सहमति अत्यन्तै सम्भव छ र यसका लागि धेरै अवसरहरू अहिले पनि विद्यमान छन् ।

तर अब हाम्रा नेताहरू, खास गरिकन राज्यका तर्फबाट शान्ति स्थापनाका लागि वार्तामा बस्ने वार्ताकारहरूमा गम्भीरता हुने कि नहुने ? राजनीतिक इमानदारिता हुने कि नहुने ? राष्ट्रिय दायित्वबोध हुने कि नहुने ? अहिलेसम्म मेरो विचारमा यी कुराहरू नभएका कारणले नै विद्रोहीलाई वार्तामा ल्याउने अनि फेरि फर्काउने काममात्रै भइराखेको छ । वार्तामा

ल्याइसकेपछि गम्भीरताका साथ वार्तालाई अघि बढाउने कार्य हुन सकिराखेको छैन । त्यसैले सम्भावना र अवसरहरू हुँदाहुँदै तेस्रो वार्ता पनि सफल हुने हो कि असफल हुने हो भन्ने कुरा हामी निश्चिन्त भएर भन्न सक्दैनौं । संयुक्त राष्ट्रसंघका महासचिवबाट सहयोगका लागि वक्तव्य नै जारी हुन्छ, तर हामी वास्ता गर्दैनौं । युरोपेली युनियन हामी तयार छौं भन्छ । नर्वेको राजदूतसँग भेट गर्नोस्, डेनमार्कको राजदूतसँग कुरा गर्नोस्, हामी पनि सहयोगका लागि तयार छौं भन्दछन् । जर्मनका राजदूत त्यसै भन्दछन् । स्वीट्जरल्यान्डको सरकारले उसकै देशमा एउटा गोष्ठीको आयोजना गऱ्यो र श्री ५ को सरकारको प्रतिनिधिलाईसमेत लगेर अनुभव आदान-प्रदान गरायो । त्यस्तै श्रीलंकामा अनुभव आदान-प्रदानका लागि भएको गोष्ठीमा पनि माओवादी नेता देव गुरुङ आफैं पुग्नुभएको थियो । यसरी अन्तर्राष्ट्रिय सहयोग अहिले पनि उपलब्ध छ ।



हामी सबैले मिलेर आग्रह गर्दा माओवादीलाई फेरि पनि गम्भीरताका साथ वार्तामा फर्काउन सकिएला । तर त्यो सफल पार्न सकिएला भनेर हामीले निश्चिन्त भएर भन्ने अवस्था छैन । त्यसका अनेक कारणहरूमध्ये एउटा कारण फेरि पनि सहजकर्ताको सम्बन्धमा छ । सहजकर्ताको भूमिकाका सम्बन्धमा राज्यसँग खास धारणा नै छैन । सशस्त्र द्वन्द्वमा हजारौं मानिसहरू मरिसकेकाछन् । वार्ता नहुने हो अथवा शान्तिपूर्ण समाधान नहुने हो भने फेरि हजारौं नेपाली मर्दछन्, ठूलो विध्वंस हुन्छ र राष्ट्रसमेत कमजोर बन्दछ । यस्तो गम्भीर संकट छ, तर राज्य गम्भीर भएको हामी पाउँदैनौं । त्यसकारण गम्भीरताको अभाव छ पनि हामी भन्दछौं । खासगरी सहजकर्ताका रूपमा हाम्रो अनुभव भन्ने हो भने अब तेस्रो वार्तामा जाँदा सबल सहजीकरणका सम्बन्धमा स्पष्ट धारणा हुनुपर्दछ । त्यसका लागि आवश्यक वातावरण बनाइनुपर्दछ र त्यसका लागि आवश्यक अख्तियारी दिनुपर्दछ । होइन भने फेरि पनि सहजकर्ता भनेर हामी धारणात्मक रूपमा उपस्थित भएपनि केही गर्न नसक्ने अवस्थामा पुग्दछौं । जस्तो दोस्रो चरणको वार्तामा केही गम्भीर निर्णयहरू भएका थिए । युद्धविराम भएपछि सेना ब्यारेकमा फर्कनुपर्दछ भन्ने माओवादीको माग थियो, त्यो सरकारलाई स्वीकार्य भएन । सरकार आफैंले सेना पाँच किलोमिटरको सीमाभित्र रहने भनेर प्रस्ताव गऱ्यो र भोलिपल्ट यो निर्णय भएकै होइन भन्यो । अनि हामी चारैजना सहजकर्ताहरूले एउटै स्वरमा हाम्रै सामुन्ने निर्णय भएको सरकारकै प्रस्ताव भएकोले लागू हुनुपर्दछ भन्यौं । तर यो लागू हुन सकेन । सहजकर्ताको हाम्रो भूमिकामा इमानदारिता होला, तर हामीमा हैसियत थिएन, अख्तियारी थिएन । निर्णय भएको कुरा हामीले लागू गराउन सकेनौं । त्यसकारण अब हामी छलफल गरिराखेका छौं कि अब वार्ता हुन्छ भने अब हुने सहजकर्ता एकदमै अधिकार सम्पन्न हुनुपर्दछ । यो विषयमा हामी नागरिक समाजले गम्भीरताका साथ छलफल गर्नुपर्दछ जस्तो मलाई लाग्दछ । वार्ता हुनुपर्दछ भन्ने तर हिजोजस्तै हामीलाई विनाअधिकार छाडिदिने हो भने त्यो वार्ता सहजकर्ताकै कारणले पनि असफल हुन सक्दछ । त्यसकारण वार्ताका सम्भावना र अवसरहरूलाई सदुपयोग गर्नका लागि पनि अब अनेक किसिमले तयार रहनुपर्दछ ।

माओवादीहरू कसरी वार्तामा आए ? प्रचण्डले मसँगै भन्नुभएको थियो- चन्द सरकारसँग वार्ता हुन सक्दैन । अब वार्ता हुने हो भने सीधा राजासँग गर्ने भनेर उनीहरू आएका थिए । राजा आफैंले सक्रियता देखाएपछि नै उनीहरूमाथिको ‘रेडकर्नर नोटिस’, टाउकाको मोल र आतंककारी बिल्ला हटाइएको थियो । यसकारण राजा आफैं यो प्रक्रियामा सहभागी भएका छन् भन्ने ठानिएको थियो । लोकेन्द्रबहादुरजीले केही गर्न सक्नुभएको थिएन । टाउकाको मोलमात्रै खारेज गर्दिनु भनेर मैले पटक-पटक भन्दा पनि चन्दले सक्नुभएको थिएन । तर राजा आफैंबाट मात्र यो सम्भव भएको हो । तर माओवादीहरूका लागि पटक-पटक समस्या उत्पन्न भयो । आचारसंहिता बनाउँदाखेरि एउटा ड्राफ्ट जान्छ, भएन भन्छन् । अर्को ड्राफ्ट जान्छ, त्यो पनि हुँदैन । अझ माओवादीबाट एकपटक त्यो फाइनल भइसकेपछि हस्ताक्षर गर्नका लागि हामीसँग बसिराख्नुभएका महराजी उठेर जानुभएको थियो । दोस्रो ड्राफ्ट पनि भएन र फेरि तेस्रो ड्राफ्ट पाइयो । त्यसकारण माओवादीहरूमा विश्वासको कमी भएजस्तो भयो । वार्तामा राजाको प्रतिनिधित्व छैन अथवा राजालाई यिनीहरूले रिपोर्ट नै गरेका छैनन् भन्ने माओवादीलाई भ्रम पर्‍यो । चन्द सरकार राजाको प्रतिनिधित्व गर्ने सरकार हो भन्ने माओवादीहरूलाई लागेको थियो । तर सहजकर्ताहरूसँग राजदरबारको कुनै संवादै हुन सकेन । अझ सम्झना छ, अन्त्यमा माओवादीले पत्राचार गरेर पाँच दिनको अल्टिमेटम दिएका थिए । हामी चारैजना अत्यन्तै चिन्तित भयौं । वार्ता भंग हुने संकेत स्पष्ट भइसकेको थियो । हामी चारैजना प्रधानमन्त्रीकहाँ गयौं र सुझाव गर्‍यौं । सेनाद्वारा पनि प्रतिबद्धता जाहेर हुनुपर्दछ भनेका थियौं । राजाको प्रतिबद्धता के ? भनेर पनि हामीले कुरा राखेका थियौं । सेनाले भोलिपल्टै प्रतिबद्धता जाहेर गर्‍यो । राजाले पनि हामी सहजकर्तालाई भेट दिएर प्रतिबद्धता जाहेर गर्न सक्ने कुरा हामीले सुझाव गर्‍यौं । तर भएन । यस्ता धेरै पक्षहरू छन् ।

तेस्रो, वार्ताको सन्दर्भमा विगतमा जस्तै सरकारले प्रस्ताव गर्ने अनि माओवादीले चाहिँ ठीक छ भनेर आउने र वार्ताचाहिँ असफल हुने हो भने त्यसका लागि हामीले किन प्रयत्न गर्ने ? पहिलो वार्ता असफल भयो संविधानसभाकै कारण, दोस्रो वार्ता पनि संविधानसभाकै कारण गतिरोध उत्पन्न भएर असफल भयो । अविश्वासकै कारण पहिलो वार्ता असफल भयो । सैनिक र सुरक्षासम्बन्धी ठूलो समस्या उत्पन्न भयो र वार्ता भंग भयो । दोस्रो वार्ता असफल हुनुमा राजनीतिक गतिरोध त थियो नै, दोरम्बाको घटना घट्यो, अनि वार्ता भंग भयो । त्यसकारण अब सबल सहजीकरण हुनुपर्दछ । युद्धविराम हुन्छ भने सैनिकखालको युद्धविराम छुट्टै हुनुपर्दछ र आचारसंहिता आवश्यक छ भने छुट्टै हुनुपर्दछ । आचारसंहिता मात्रैले चाहिँ युद्धविराम लागू हुन सक्दैन भन्ने अनुभव भइसक्यो । युद्धविराम गर्ने हो भने सैनिक मामिलामा तपाईंहरू बस्नोस् र छलफल गर्नोस् भनेर विगतमा पनि हामीले पटक-पटक सुझाव दिएका थियौं । दुवैको रणनीति थियो होला वार्तामा बस्ने, जनतालाई शान्ति चाहन्छौं भन्ने तर शान्तिका लागि होइन, आ-आफ्नो रणनीति पूरा गर्ने । त्यसैकारण हिजो यस्ता गल्ती-कमजोरी भए । अब हामी नागरिक समाजले यसरी नै बसेर युद्धविराम हुने हो भने त्यसका लागि कस्तो सम्झौता हुनुपर्दछ भन्नेबारे छलफल गर्नुपर्दछ । बलियो अनुगमनका

लागि हामीसँग जनशक्ति छैन भने संयुक्त राष्ट्रसंघ तयार छ, संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग तयार छ । ट्रेनिङका लागि श्रीलंकामा जसरी नै 'म्यानपावर' नै पठाउन सक्छौं भनेर अस्ति भर्खर संयुक्त राष्ट्रसंघका प्रतिनिधिले भन्नुभएको छ । यस्ता धेरै प्रस्तावहरू छन्, तर हामी ती प्रस्तावहरूलाई स्वीकार गर्न नसक्ने, अनि आफैंले पनि काम गर्न नसक्ने जस्तो स्थिति भइराखेको छ । अनुभवको कुरा गर्दा कसैलाई अप्ठ्यारो पर्छ होला, तर विद्रोहीहरू आर्थिक अभावले पनि वार्ता भंग गर्न बाध्य भए । माओवादी विद्रोहीलाई कति क्वीन्टल खाद्यान्न अफर गरेको तर माओवादीले अस्वीकार गरेको पत्रपत्रिकामा छापिएको थियो । याद गर्नुभएको होला, माओवादीले वार्ता भंग गरेको तीन दिनभित्रै दुईवटा बैंक लुटे र एक करोड जम्मा गरे । मकहाँ क्यानेडियन, स्वीस राजदूत र डी.एफ.आई.डी. लगायतका निकायका मानिसहरू आउनुभएको थियो । सबैले एउटै स्वरमा मोजाम्बिकमा विद्रोहीलाई खाद्यान्न पनि उपलब्ध गराइएको थियो र नगद पनि उपलब्ध गराइएको थियो भन्नुभयो । अब वार्तामा जाने हो भने हामीले यो पक्षलाई बेवास्ता गर्न मिल्छ ? अहिलेसम्मको अनुभव भनेको माओवादीहरू ५/६ महिनासम्म वार्तामा बस्न सक्दारहेछन् । ६ महिनापछि चाहिँ अनेक समस्याहरू उत्पन्न हुन्छन् । सुरक्षा सम्बन्धी समस्या उत्पन्न हुन्छ र उनीहरूलाई पैसाको पनि समस्या उत्पन्न हुन्छ । मन्त्री पुनको गलत प्रस्तुतिका कारण हिजो खाद्यान्न दिने कुरा असफल भएको थियो । संयुक्त राष्ट्रसंघको कुनै एजेन्सीमार्फत् त्यो सहयोग दिने वा उसलाई स्वीकार्य हुने स्वीट्जरल्यान्ड लगायतका देशहरूमार्फत् जानुपर्ने थियो । यो व्यावहारिक पक्षको पनि महत्त्व हुँदोरहेछ । वार्तामा विश्वासको आधार तयार हुनुपर्नेमा हामीकहाँ युद्धविरामदेखि नै अविश्वास सुरु हुन्छ । राज्यको अविश्वास भनेको माओवादी फेरि पनि शक्ति सञ्चयको रणनीति अन्तर्गत वार्तामा आउँछन् भन्ने हो । चन्दा उठाउन, हतियार भित्र्याउन र संगठन विस्तार गर्नका लागि माओवादीहरू वार्तामा आउँछन् भन्ने राज्यपक्षको सुरुदेखि नै शंका थियो र विश्वासको संकट बढ्दै गयो । त्यसैगरी माओवादीहरूको आशंका सरकार गम्भीर छैन, हामीलाई लामो समय वार्तामा फसाउन र कमजोर पार्न, घेराबन्दी गर्न र ध्वस्त पार्न तयारीमा लागेको छ भन्ने रहेको थियो । उनीहरू दाङमा वार्ताकालमा त्यही भयो भन्छन् । वार्ता चलिरहेको बेला दाङमा सरकराले थुप्रै हतियार जम्मा गर्‍यो भन्ने उनीहरूको जासुसी रिपोर्टबाट थाहा भयो रे । त्यो 'कन्फर्म' भएपछि वार्ता भंग गरेर हामीले हिर्कायौं भन्ने उनीहरूको तर्क छ । उनीहरूले त्यहाँबाट २० ट्रकजति हतियार लुटेर लगेका रहेछन् । पछिल्लो वार्तामा पनि सुरक्षाको प्रश्नमा सबैभन्दा ठूलो विश्वासको संकट रह्यो । हापुरेमा एक हप्ताभित्र वार्ताको अर्को तिथि तय गर्ने भनेर हामीले सही गरायौं । एक हप्तापछि बाबुरामजीले सम्पर्क गर्नुभयो, तर मैले भनेको कुरा मान्नुभएन । म दमनजीकहाँ गए र त्यहीँबाट फोन भयो । हामी दुवै जनाले सम्झायौं, तर राजनीतिक गतिरोधका साथै सुरक्षाको ठूलो कारण भनेर उहाँहरूले मान्नुभएन । हामीले अनेक किसिमको सहजीकरण गर्‍यौं । नेपालगञ्जमा गोप्य वार्ता पनि गरियो । अन्तर्राष्ट्रिय मानवअधिकारवादीहरू तथा अमेरिकन र इन्डियनहरूसँग पनि भेटघाट गरेका थियौं । तर हाम्रो केहि लागेन । यसरी आपसी अविश्वासको कारणले नै वार्ता भंग भयो । तसर्थ भविष्यमा वार्ता सफल बनाउने हो भने सरकार र माओवादीबीच विश्वासको वातावरण तयार गर्नुपर्छ ।

# ६. शान्तिवार्तामा सहमति निर्माणको रणनीति

**- शैलेन्द्रकुमार उपाध्याय, पूर्वसहजकर्ता**

शान्तिवार्ता भन्नुको अर्थ नै दुई द्वन्द्वरत पक्षबीचको वार्ता हो । द्वन्द्वरत पक्षबीच भएका सशस्त्र मुठभेडका पछाडि ती पक्षका आ-आफ्ना विचारधारा हुन्छन् । ती विचारधाराको रक्षार्थ वा नयाँ विचारधाराको स्थापना गर्ने उद्देश्यले ती विचारधाराको टकरावले नै मुठभेडको स्थिति सिर्जना गरेको हुन्छ । जबसम्म द्वन्द्वरत दुवै पक्षलाई द्वन्द्वद्वारा अर्को पक्षलाई निमिट्यान्न पार्न सकिन्न र आफ्ना विचारधारामा कुनै परिवर्तन गर्नुपर्छ भन्ने यथार्थबोध हुँदैन, तबसम्म सशस्त्र मुठभेड जारी नै रहन्छ । शान्तिवार्ताका लागि सबभन्दा महत्त्वपूर्ण पक्ष हो - सशस्त्र संघर्षमा अर्को पक्षलाई समाप्त गर्न नसकिने कुराको यथार्थलाई स्वीकार गर्नु र वार्ताका माध्यमले आफ्नो विचारधाराको अधिकतम स्वीकृति अर्को पक्षबाट गराउन सकिने कुराको आशा गर्नु । अतएव, जबसम्म द्वन्द्वरत पक्षमा नै यथार्थलाई स्वीकार गर्ने मानसिकता विकास हुन्न, तबसम्म शान्तिवार्ताको कुरा द्वन्द्वपीडित वा द्वन्द्वका कारण अप्ठ्यारो महसुस गर्नेहरूका लागिमात्र महत्त्वपूर्ण भइरहन्छ, द्वन्द्वरत पक्षका लागि महत्त्वपूर्ण हुन सक्दैन ।

द्वन्द्वरत पक्षहरूले यथार्थलाई स्वीकार गरेमा मात्र विभिन्न सूत्रको उपयोग परस्परमा गर्न सकिने स्थिति उत्पन्न हुन जान्छ । शान्तिवार्ताको सर्वाधिक महत्त्वको प्रारम्भ नै युद्धविरामको घोषणा हो । यद्यपि युद्ध हुँदाहुँदै पनि वार्ता हुन्छ । तर त्यसलाई वार्ताभन्दा पनि वार्ताको तयारीको रूपमा लिनुपर्दछ । निश्चय नै दुवै पक्षले विश्वास गरेका व्यक्ति वा संस्था परस्पर सम्पर्कको माध्यम हुनुपर्दछ । नेपालका सन्दर्भमा दुवैपटक सम्पर्क कार्य नेपालीहरूबाटै भयो भने अन्य मुलुकहरूमा कुनै विदेशी राज्य वा संयुक्त राष्ट्रसंघ जस्ता सर्वमान्य संगठनले सम्पर्क कार्य गरी युद्धविराम गराएको र शान्तिवार्ताका लागि आवश्यक आधार तयार पारेको पाइन्छ । युद्धविराम भनेको युद्धको अन्त्य होइन, विराममात्र हो र सो विराम वार्ताबाट केही सहमति प्राप्त गर्न सकिन्छ भन्ने आधारमा भएको हुन्छ । अतः युद्धविराम घोषणापछिको सबैभन्दा कठिन र महत्त्वपूर्ण कार्य हो- युद्धविरामलाई निरन्तरता दिँदै वार्ताका लागि द्वन्द्वरत पक्षलाई तयार पारिराख्नु । युद्धविरामलाई निरन्तरता प्रदान गर्न परस्पर विश्वासको वातावरण सिर्जना गर्नु ज्यादै संवेदनशील कुरा हो । यसका निम्ति ज्यादै मसिना कुराहरूमा ध्यान दिनुपर्दछ । यसका लागि आवश्यक संयन्त्र दुवै पक्षको समझदारी र सहभागितामा अगाडि बढाउनुपर्दछ । विश्वासको वातावरण सिर्जना गर्न दुवै पक्षको समझदारी र सहमतिमा आचारसंहिता बनाउनुपर्दछ र सो आचारसंहिता पालना गराउन प्रभावकारी अनुगमन समिति बन्नुपर्दछ । अनुगमन समिति केन्द्रीय स्तरमा मात्र बनेर प्रभावकारी हुन सक्दैन । देशव्यापी रूपमा चलिआएको द्वन्द्व र त्यसले गर्दा उत्पन्न आपसी अविश्वास तथा कटुता युद्धविरामको घोषणाले समाप्त हुँदैन । अथवा कुनै पनि ठाउँमा युद्धविरामकै समयमा पनि द्वेष र कटुताजन्य आपराधिक कार्यहरू हुन सक्दछन् । त्यसका कारक व्यक्तिलाई के गर्नुपर्ने हो र कसरी यो संवाद तल्लो तहसम्म पुऱ्याउने भन्ने कुरामा द्वन्द्वरत पक्षबीच स्पष्ट समझदारी हुनुपर्दछ ।

सानातिना घटनाले विश्वासको वातावरणमा अवरोध उत्पन्न गर्न सक्ने हुनाले युद्धविरामका समयमा कुनै पक्षबाट अनुचित र आचारसंहिता विपरीत कार्य हुन नपाओस् भन्नेतर्फ सतर्क हुनका लागि गाउँ वा वडासम्म पनि अनुगमन समिति बनाउनुपर्दछ। आचारसंहिता उल्लंघन गर्नेमाथि गरिने कारबाहीबारे पनि दुवै पक्षको सहमति आवश्यक छ ।

अर्को महत्त्वपूर्ण पक्ष हो, मानवअधिकार समितिमा दुवै पक्षले सहमति जनाउनु । राष्ट्रिय मानवअधिकार आयोगले प्रस्तुत गरेको सम्मति कुनै एक पक्षका लागि होइन, दुवै पक्षले त्यसको पालना गर्नुपर्दछ । आचारसंहिता सँगसँगै मानवअधिकार सम्बन्धी व्यवहारमा पनि दुवै पक्षले सुधार गर्नु अनिवार्य हुन्छ ।



शान्तिवार्ताका बेला प्रचारात्मक कार्यमा पूर्ण नियन्त्रणको आवश्यकता छ। दुवै पक्षले वार्ता गरिरहेका बेला आफ्ना पक्षका विचारको प्रचारलाई महत्त्व दिनुभन्दा वार्ताद्वारा सहमति प्राप्त गर्ने दिशामा उन्मुख हुनलाई प्राथमिकता प्रदान गर्नुपर्दछ। आफ्नो विचारधाराकै मात्र प्रचार गर्ने हो भने वार्ताको महत्त्व रहँदैन। द्वन्द्व होइन सहमति भन्ने उद्देश्यले नै शान्तिवार्ता सम्भव हुन्छ। अतएव, प्रचारात्मक शैलीप्रति गम्भीर हुन आवश्यक छ। यद्यपि यो कुरा कठिन छ, किनभने राष्ट्रिय र अन्तर्राष्ट्रिय सूचना माध्यमहरूको जमघट र आग्रहले वार्तामा सम्बन्धित पक्षलाई आकर्षित गर्नु स्वाभाविकै हो । तर शान्तिवार्ताको गहिरो उद्देश्य सहमति प्राप्त गर्नु भएकाले जुन-जुन कुरामा सहमति प्राप्त हुन्छ, त्यस बारेमा जानकारी गराए तापनि गाँठो परेका कुराहरूको गाँठो फुकाउने काम सञ्चारमाध्यमको सहाराबाट गराउने प्रयास प्रत्युत्पादक हुन जान्छ। यसबारे वार्ताकारहरू गम्भीर हुन आवश्यक छ। नेपालमा दुवैपटक भएका शान्तिवार्ताका प्रयासहरू असफल हुनाको मूल कारण नै पहिलोमा आचारसंहिता नै बनेन र दोस्रोमा आचारसंहिताका लागि अनुगमन समिति बन्न सकेन। दुवै पक्षका एकअर्काप्रतिका गुनासाहरूबारे जानकारी लिई निर्णय गर्न पनि परस्पर सहभागिता र विश्वासमा आधारित सहजकर्ताहरूको आवश्यकता हुन्छ । ती सहजकर्ताहरू पनि प्रभावकारी हुनुपर्दछ । गत शान्तिवार्ताका समयमा विद्रोही पक्षको गुनासो खासगरी जनताको सेवाका नाममा परिचालित सेनाका स्वास्थ्य शिविरप्रति थियो। यसमा सहजकर्ताहरूले सरकारी पक्षको ध्यानाकर्षण गराएका थिए । सरकारी पक्षबाट सकारात्मक आश्वासन आए पनि कार्यान्वयनका लागि गम्भीर हुन सकेन । विद्रोही पक्षको भनाइ के थियो भने सेनाले दुई घन्टा स्वास्थ्य शिविरका नाममा औषधी दिन्छ र २२ घन्टा माओवादी को-को छन् भनी सोधखोज गर्छ। यस विषयमा प्रधानमन्त्रीले आश्वासन दिनुभएको थियो, तर रोक्न सक्नुभएन ।

शान्तिवार्ता जारी रहेका अवस्थामा दोरम्बा काण्डजस्तो अनुत्तरदायी कार्यले वार्ता बिथोल्न प्रमुख भूमिका खेल्यो । हाम्रो विचारमा माओवादी पक्षमा पनि त्यस्ता व्यक्तिहरू होलान्, जो वार्ता चाहँदैनन् र सरकारी पक्षमा पनि यस्ता छन्, जो सैन्यबलले नै समाप्त गर्छु भन्ने विश्वास गर्छन्। त्यसैले दोरम्बा घटना 'सेवोटेज' कै कार्य हो भन्ने हामीलाई लाग्दछ। नत्र त्यस्तो बेलामा, माओवादीहरू आमसभाहरू गरेर हिँडिरहेका बेलामा कार्यक्रमका लागि

उपस्थित भएका मान्छेलाई समातेर २/४ कोश पर लगेर मार्ने जुन अपराधिक कार्य भयो, त्यो वार्तालाई 'सेवोटेज' गर्नकै लागि भएको हो भन्ने कुरामा दुईमत हुन सक्दैन । उक्त घटनाले के पाठ सिकाएको छ भने भविष्यमा पुनः शान्तिवार्ताको प्रक्रिया प्रारम्भ भएमा दुवै पक्षका सैनिक सञ्चालकका बीचमा सूचना आदान-प्रदान गरिरहने संयन्त्र स्थापित हुनुपर्दछ ।

युद्धविरामको घोषणा भई त्यसको पालना गर्दा एउटा अर्को महत्त्वपूर्ण समस्या उत्पन्न हुन्छ । त्यो हो, विद्रोही सेनाको सामान्य सुविधाको कुरा । सरकारी पक्षका सेनालाई सरकारले सुविधा प्रदान गर्न सरकारी कोष खर्च गरेको हुन्छ । विद्रोही पक्षले युद्धविरामपछि चन्दा उठाउन बन्द गर्ने र अन्य प्रकारको धन प्राप्त गर्न बन्द गरिने भएमा विद्रोही सेना कसरी टिक्ने ? यसबारे विश्वका कैयौं उदाहरणबाट सिक्न सक्नुपर्दछ । यसबारे बेवास्ता गर्दा न विश्वासको वातावरण कायम रहन्छ न युद्धविरामले निरन्तरता प्राप्त गर्न नै सक्दछ । महिनौंसम्म वार्ता गरिराख्दा फौजलाई के गर्ने त ? त्यसलाई खान त दिनुपऱ्यो । कसरी दिने, कसले दिने ? यस बारेमा गम्भीरतापूर्वक सोच्नुपर्दछ । होइन, यो उनीहरू नै जानुन् भनेका खण्डमा वार्ता नगर्नु राम्रो । यो बहुत गम्भीर समस्या हो । यद्धविराम घोषणापछि दुवै पक्षको सैनिक सञ्चालनमा सहमतिपूर्ण नियन्त्रण र परस्पर सूचनाको आदान-प्रदान ज्यादै महत्त्वपूर्ण कुरा हो । वार्ताको कुरा गर्ने र अर्को पक्षलाई हेप्ने प्रवृत्तिले विश्वासको वातावरण बन्न सक्दैन । कतिपय मानिसहरू राज्य र विद्रोही पक्षबीच बराबरी सिद्धान्तको कुरा गर्नँ हुँदैन भन्दछन् । वार्ताको कुरा गर्नु नै बराबरीको सिद्धान्त मान्नु हो, यसलाई नमानिकन वार्ता हुनै सक्दैन । लेनदेन कति गर्ने, त्यो अर्को कुरा हो । वार्ता गर्न तयार हुनासाथ तपाईंले उसलाई समान रूपमा मान्नुभयो । वार्ता भनेकै समानतामा आधारित कुरा हो । वार्तामा सहमति प्राप्त गर्न दुवै पक्षले आफ्ना विचार प्रस्तुत गरे तापनि विचारधारामा अडान लिएर वार्तामा अवरोध गर्नुहुन्न । कुन हदसम्म लचिलो हुन सकिन्छ, त्यसबारे धैर्य राखी पटक-पटक वार्ता गरी नै रहनुपर्दछ । वार्ता सफलतामा पुऱ्याउन दुवै पक्ष गम्भीर र इमानदार छन् भने छलफलमा जुन कुराहरूमा सहमतिको बढी सम्भावना छ, त्यस्ता विषयहरूबाट वार्ता प्रारम्भ गर्नुपर्दछ । अनि प्रत्येक सानातिना सहमतिले परस्पर विश्वासको जग बलियो पार्दै लैजान्छ । एकैपटक आधारभूत कुरामा छलफल प्रारम्भ गरेमा बढिरहेको दूरीलाई नजिक ल्याउन सकिँदैन । जुन समस्याको समाधानमा राष्ट्रमा एक प्रकारको व्यापक अवधारणा विकसित हुन गएको छ, त्यस्ता कुराहरूमा छलफल प्रारम्भ गरेमा सहमति प्राप्त गर्न सजिलो हुन्छ । उदाहरणका लागि महिला सशक्तीकरणको कुरा, दलित उत्थान र जनजातिका समस्याहरूबारे राष्ट्रिय सहमति बन्न लागेको छ । यसैबाट छलफल प्रारम्भ गर्नुपर्छ ।

नेपालका सन्दर्भमा तीन राजनीतिक शक्तिका बीच वार्ता हुनुपर्ने कुरा नागरिक समाजले मात्रै होइन, स्वयं विद्रोही पक्षले पनि महसुस गरेका छन् । देशको यथार्थ राजनीतिक स्थितिलाई महत्त्व दिनुपर्दछ । तीन राजनीतिक शक्तिहरू बीचको वार्तामा लक्षित जनसमुदायका प्रतिनिधि पनि सहभागी हुनुपर्दछ र नागरिक समाजको सहभागितातर्फ पनि उचित ध्यान

पुऱ्याउनुपर्दछ । यस सन्दर्भमा नेकपा (माओवादी) ले प्रस्तुत गरेको गोलमेच सम्मेलन नै वार्ता प्रारम्भ गर्ने उचित र अनिवार्य थलो बन्न सक्दछ ।

पहिले गोलमेच सम्मेलनको सहभागिता र एजेन्डा बनाउने कार्य प्राथमिकतामा रहनुपर्दछ । सो सम्मेलनले मात्र राष्ट्रिय सहमतिको मार्गप्रशस्त गर्न सक्दछ । राष्ट्रिय सहमतिका आधारमा मात्र सर्वदलीय र सर्वपक्षीय अन्तरिम सरकारले गोलमेच सामेलनले गरेको सहमतिका आधारमा संसद् वा संविधानसभाको चुनाव गराउनेछ । म त सुरुदेखि नै संविधानसभाकै पक्षधर हुँ । मलाई त नेताहरूले शैलेन्द्रजी जति बूढो हुँदै जानुभो, उति क्रान्तिकारी बन्दै जानुभो भनेर आरोप पनि लगाए । मेरो भनाइमा सविधानसभा कुनै क्रान्तिकारी कुरा होइन । संविधानसभा चाहिन्छ भने संविधानसभामा जाऔं । संसद्बाटै सबै कुरा हुन्छ भने संसदीय चुनावतर्फ जाऔं, यी दुवै कुरालाई खुल्ला गर्नुपर्दछ । यसरी मात्र शान्तिवार्तामा सहमति प्राप्त हुन सक्दछ । युद्धविरामको घोषणा, आचारसंहितामा सहमति, मानवअधिकार सम्बन्धमा दुवै पक्षको हस्ताक्षर, अनुगमन समितिको गठन, सैनिक प्रश्नमा संवादपूर्ण संयन्त्रको निर्माण, आचारसंहिता उल्लंघन गर्नेलाई दण्ड व्यवस्था र गोलमेच सम्मेलन गराउनेप्रति सबैले गम्भीर र इमानदार हुनुपरेको छ । देशले ठूलो क्षति व्यहोरिसक्यो, अब शान्ति र विकासका लागि प्रयास गर्नुपरेको छ ।

# ७. नेपालको शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको भूमिका

**– निलाम्बर आचार्य, परराष्ट्रविद्**

यो विषयलाई बुझ्नका निम्ति नेपालको स्थान विश्व समुदायमा कस्तो छ भन्ने कुरा बुझ्नुपर्दछ । पहिलो कुरा, नेपाल दाताराष्ट्र होइन । अन्तर्राष्ट्रिय समुदायले नेपाललाई युगौंदेखि सहयोग गर्दै आएको थियो । त्यसमा पनि बितेको ५० वर्षमा त्यो सहयोग निरन्तर रहिआएको छ । एउटा पिछडिएको सानो देश, जसले पहिलोपटक प्रजातन्त्रमा प्रवेश गऱ्यो र त्यो प्रजातन्त्रलाई विफल पारियो । दोस्रोपटक सन् १९९० मा प्रजातन्त्रमा प्रवेश गर्नासाथ यहाँको एउटा उग्रपन्थी पार्टीले हिंसा सुरु गऱ्यो । यसमा ५० वर्षको अन्तर्राष्ट्रिय समुदायको भूमिका कतिको जिम्मेवार छ ? त्यो समुदायले आफूलाई हेर्नुपर्ने आवश्यकता छ ।

शान्ति बिथोलिइसकेपछि त्यसलाई रोक्ने प्रयासका लागि अन्तर्राष्ट्रिय समुदायले केही खर्च गर्दछ, तर तत्पश्चात् पुनर्स्थापनाका निम्ति प्रशस्त खर्च गर्न तयार हुन्छ । अशान्तिलाई रोक्नका निम्ति मुलुकमा साना विवादहरूको रूपान्तरण गर्ने, प्रजातान्त्रिक शक्तिहरूलाई बलियो पार्ने तथा जनताका न्यूनतम आवश्यकता पूर्ति गर्नेमा के भूमिका छ र हुनुपर्दछ भन्नेमा अन्तर्राष्ट्रिय समुदायको कम ध्यान, कम भौतिक योगदान र कम वैचारिक योगदान रहेको मैले विश्वास गरेको छु । यो हाम्रो प्रजातन्त्र र हाम्रो देशको मात्र विफलता हो कि ५० वर्षदेखि निरन्तर सहयोग गर्दै आएका हाम्रा मित्रराष्ट्रहरू र सहयोगीहरूको पनि विफलता हो ? यसलाई नहेरेर उनीहरूकै भनाइमा हामीले निजीकरण सुरु गऱ्यौं । उनीहरूकै भनाइमा हामीले बिजुली, पानीजस्ता अत्यन्तै आवश्यक सामग्रीहरूमा मूल्यवृद्धि गऱ्यौं । उनीहरूकै सल्लाहमा हामीले आर्थिक क्रियाकलाप अगाडि बढायौं । तैपनि हामीले अशान्ति व्यहोर्नुपऱ्यो र अब भनिँदैछ कि अशान्तिका लागि हामीमात्रै जिम्मेवार छौं । हामीलाई सल्लाह दिने, सहयोग दिने मित्रहरूले अब आफ्नो जिम्मेवारी पनि हेर्नुपऱ्यो । र, यो अनुभवले अन्यत्रका लागि पनि मद्दत पुऱ्याओस् भन्ने मलाई लाग्दछ ।

दोस्रो कुरा, नेपालजस्तो पिछडिएको, बहुधार्मिक, बहुभाषिक र भौगोलिक विविधता भएको मुलुकमा प्रजातन्त्रलाई बलियो पार्न सकियो भने एउटा उदाहरणीय देशको रूपमा नेपाललाई प्रस्तुत गर्न सकिन्छ । तर अहिले नेपालमा प्रजातान्त्रिक प्रक्रिया अवरुद्ध भयो । असोज १८ गतेदेखि मुलुक एकतन्त्रीय बाटोमा गयो । प्रजातन्त्रलाई बलियो पार्न नसक्नुमा हाम्रो आफ्नो जिम्मेवारी छँदैछ, तर हामीलाई सहयोग दिनेहरू अन्तर्राष्ट्रिय समुदायहरू कहाँ चुके ? अथवा अन्तर्राष्ट्रिय समुदायको सहयोग लिन हामीले कहाँ सकेनौं ? यो कुरालाई पनि नहेर्ने हो भने हामीले शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय सहयोगलाई उचित रूपमा मूल्यांकन, आकर्षण र उपयोग गर्न सक्ने छैनौं ।

तेस्रो कुरा, मुलुकमा अशान्ति बढ्नुको कारण के हो ? अशान्ति हुनुका पछाडि कैयौं कारणहरू होलान् । प्रजातान्त्रिक शक्तिहरू आपसी कलहले गर्दाखेरि कमजोर बने, जसले गर्दा मुलुकका समस्याहरूलाई तिनले संयुक्त रूपमा सम्बोधन गर्न सकेनन् । अर्थात् प्रजातान्त्रिक शक्तिहरूको कमजोरीले अशान्तिलाई जन्मायो र अशान्ति बढ्दै जाँदाखेरि प्रजातन्त्रलाई अझ धेरै कमजोर पार्‍यो र उल्टाउनसमेत मौका प्रदान गर्‍यो । त्यसकारण यो एउटा दुश्चक्र जन्म्यो । प्रजातन्त्रको कमजोरीले गर्दाखेरि अशान्तिका शक्तिहरूलाई मद्दत पुग्न गयो र अशान्तिका शक्तिहरू बढ्दै गएर प्रजातान्त्रिक प्रक्रिया खल्बलियो । र, चुनाव पनि नहुने र उत्तरदायी सरकार पनि नहुने स्थिति उत्पन्न हुनगयो । यसले गर्दा राजाले आफ्नो एकलौटी महत्त्वाकांक्षा नेपालमा लागू गर्ने मौका पाए । यो दुश्चक्रलाई तोड्नमा अन्तर्राष्ट्रिय समुदायले के भूमिका खेल्न सक्दछ ? यो कुरालाई पनि हामीले विचार गर्नुपर्दछ । यसका लागि एक-दुईवटा कुराहरूमा ध्यान दिनुपर्दछ ।



प्रथम कुरा, माओवादीहरूको हतियार भनेको हिंसा र अशान्ति हो । तपाईं-हाम्रो शान्तिप्रतिको प्रतिबद्धता उनीहरूको हतियार हो । किनभने ऊ आफ्ना माग पूरा गरेनौ भने हिंसा मच्चाउँछु र मुलुकको सम्पूर्ण स्थितिलाई नै खलबल्यादिनेछु भन्छ । यसका आधारमा शान्तिप्रतिको हाम्रो प्रतिबद्धता र आकांक्षालाई उपयोग गरेर हिंसालाई उनीहरूले आफ्नो हतियार बनाएका छन् । एउटा हिंसाप्रति प्रतिबद्ध र अर्को शान्तिप्रति प्रतिबद्ध शक्तिबीचको वार्तामा कहाँ र कसरी तालमेल गराउन सकिन्छ ? यो कसीलाई पनि हामीले बुझ्नुपर्छ । मेरो आफ्नो सोच के रहेको छ भने शान्तिका मुख्य पक्षहरू को हुन् र शान्तिप्रति प्रतिबद्ध शक्ति को हुन् भन्ने पहिले ठम्याउनुपर्दछ । र, तिनीहरूलाई अन्तर्राष्ट्रिय समुदायले बलियो पार्दै जानुपर्दछ । जति प्रजातन्त्र बलियो हुन्छ, त्यति शान्ति बलियो हुन्छ । जति प्रजातान्त्रिक शक्तिहरू एकै ठाउँमा आउँछन्, त्यति प्रजातन्त्र बलियो हुन्छ । त्यसैले प्रजातान्त्रिक शक्तिहरूलाई बलियो पार्नुपर्‍यो, यिनीहरूलाई एकीकृत पार्नुपर्‍यो । मैले त यसमा अन्तर्राष्ट्रिय समुदायले सहयोग पुर्‍याइराखेको देखेको छु । नेपालमा शान्तिका लागि प्रतिबद्ध थुप्रै संस्थाहरूका कार्यक्रममा अन्तर्राष्ट्रिय समुदायको वैचारिक, भौतिक, प्राविधिक योगदान र सहायता रहेको छ । हाम्रा नेताहरू विदेशमा गएर माओवादीसँग वार्ता गरिराखेका छन् । त्यो पनि अन्तर्राष्ट्रिय सहयोगविना हुनसक्ने कुरा होइन । मैले भारतको मात्रै कुरा गर्‍या होइन, अन्य देशमा पनि माओवादी र हाम्रा पार्टीका नेता तथा नागरिक समाजका व्यक्तिहरू एउटै थलोमा बसेका छन् । यी सबै प्रक्रियाबाट शान्तिवार्ता अगाडि बढाउँदै जाँदाखेरि वार्तामा कहाँ-कहाँबाट के-के सहयोग बढ्दै जान्छ, त्यसैबाट हामीले अन्तर्राष्ट्रिय सहयोगलाई बढाउने हो ।

अहिले हामी आफैं आफ्नो समस्या समाधान गर्नका लागि तयार छैनौं । श्रीलंकामा शान्तिवार्ता विफल हुनुमा त्यहाँका शान्तिका पक्षधरहरू सँगै जुट्न नसक्नु र शान्तिका महत्त्वपूर्ण भागहरूका बीचमा विवाद हुनु हो । राष्ट्रपति चन्द्रिका कुमारातुङ्गाको पार्टी र प्रधानमन्त्री रनिल विक्रमासिंघेको पार्टीका बीचमा शान्ति प्रक्रियाको श्रेय कसले लिने भन्ने

कुरामा जहिलेसुकै विवाद भयो । यसरी शान्ति प्रक्रियालाई ऐक्यबद्ध रूपमा सम्बोधन गर्न नसकिने हो भने शान्तिप्रतिको राष्ट्रिय प्रतिबद्धता निर्माण नै हुँदैन । यस कुरामा अन्तर्राष्ट्रिय समुदायले ध्यान दिनुपर्दछ भन्ने मलाई लाग्छ । मेरो अर्को आग्रह के छ भने हामीले साइकल वा कुमालेको चक्का फेरि आविष्कार गर्न हुँदैन, त्यो राष्ट्रवाद र देशभक्ति होइन ।

शान्ति निर्माण गर्न जहाँ-जहाँ जुन-जुन देशले जे-जे उपलब्धिहरू हासिल गरेका छन्, त्यसको जानकारी हामीले लिनुपर्दछ । जहाँ-जहाँ जनताले भएको शान्तिलाई बिथोल्ने गल्ती गरे, त्यसको नकारात्मक अनुभवको पनि हामीले जानकारी लिनुपर्दछ । यसमा अन्तर्राष्ट्रिय समुदायबाट हामीले अत्यन्त ठूलो सहयोगको आशा राखेका छौं । अन्तर्राष्ट्रिय समुदाय र त्यसमा काम गर्ने व्यक्तिहरूले ध्यान दिनुपर्ने अर्को आवश्यकता के छ भने हाम्रा मित्रहरू भनेका नेपाल सरकारसँग दौत्य सम्बन्ध भएका राष्ट्रहरू हुन् । त्यसैले तटस्थता भनेर बराबर रूपमा माओवादीलाई स्वतन्त्रतावादी आन्दोलनका रूपमा मान्यता दिने सम्भावना छैन । त्यो सम्भावनालाई स्वीकार गरेर नेपालका प्रजातान्त्रिक शक्तिहरू जान सक्दैनन् । नेपालका प्रजातान्त्रिक शक्तिहरू प्रजातन्त्रप्रति प्रतिबद्ध छन्, तिनलाई के कसरी सहयोग पुऱ्याउन सकिन्छ र शान्ति कायम गर्न सकिन्छ, त्यो रूपमा हामीले जानुपर्दछ, चाहे संयुक्त राष्ट्रसंघको कुरा होस् वा भारत, चीन, अमेरिका र युरोपेली युनियनका देशहरू हुन् । अन्तर्राष्ट्रिय समुदायबाट हामीले के आग्रह र आशा गर्दछौं भने सहयोग गर्ने प्रक्रियामा यो देश र ऊ देश भन्ने हो भने उहाँहरूबाट सहयोग लिने प्रक्रियामा नै हामीलाई अप्ठ्यारो पर्न जान्छ । त्यसैले त्यो सहयोग लिँदा कुनै पनि हाम्रो मित्रराष्ट्रले हाम्रो विरुद्ध हो कि भन्ने आभाष लिन हुँदैन ।

माओवादी हिंसा कुनै आतंक होइन, एउटा राजनीतिक पार्टीको राजनीतिक दर्शनमा आधारित आन्दोलन हो । त्यहाँ आतंकको पर्याप्त मात्रा छ, क्रूरता छ, अमानवीयता छ, तर यो एउटा अन्तर्राष्ट्रिय राजनीतिक दर्शनमा आधारित छ । त्यो अन्तर्राष्ट्रिय राजनीतिक दर्शनका बारेमा अन्तर्राष्ट्रिय समुदायले के ध्यान दियो त ? माओवादी हिंसालाई मलजल पुऱ्याएको त्यो अन्तर्राष्ट्रिय दर्शनबारे त अन्तर्राष्ट्रिय समुदायले आफैं पनि अध्ययन-अनुसन्धान वा भौतिक काम गर्न सक्दथ्यो नि । माओवादीहरूले पनि अन्तर्राष्ट्रिय सहयोग आफ्नो किसिमले लिइराखेका छन् । अर्को पक्षले पनि अन्तर्राष्ट्रिय सहयोग लिन नहुने कुरा मैले देखेको छैन । तर हाम्रो देशको गरिमा र राष्ट्रिय स्वाभिमान अन्तर्गत नै यो हुनुपर्दछ । तर विदेशी सहयोग बढ्दै जाँदा र द्वन्द्व अझै बढ्दै गएर हामी अझ पीडित पो बन्छौं कि भन्ने सम्भावनालाई पनि हामीले राम्ररी हेर्नुपर्दछ । र, हाम्रो परराष्ट्र नीतिको मूलभूत आधारलाई हामीले बिर्सन मिल्दैन । हाम्रो असंलग्नता पनि छ र हाम्रा ठूला छिमेकी राष्ट्रसँगको मित्रतालाई पनि हामीले सँगसँगै लिएर जानुपर्दछ । यसरी मुलुकमा सबैको एकबद्ध प्रयासले मात्र शान्ति सम्भव छ । हाम्रा अन्तर्राष्ट्रिय समुदायहरूको एकताबद्ध सद्भाव हामीलाई चाहिन्छ । कसैको सद्भाव कसैविरुद्ध लक्षियत भएर आउन थाल्यो भने हामीलाई अप्ठ्यारो पर्न जान्छ ।

वार्ता खुलाउने र शान्ति कायम गर्ने हामीले हो । वार्ता विदेशीले आएर गरिदिँदैनन् । शान्ति कायम गर्नका लागि शान्तिका पक्षधरहरू एक हुनपर्दछ । यसका लागि मुलुकमा उत्तरदायी सरकार चाहिन्छ । अब बहुमतको सरकार भएर मात्रै पुग्दैन, राष्ट्रिय स्वरूपको सरकार चाहिन्छ । माओवादीको हिंसाले प्रजातन्त्र बिथोलिउन्जेल चुनाव हुन सक्दैन । र, चुनाव नहुँदासम्म जनउत्तरदायी सरकार हुँदैन । यो उल्झनबाट मुक्त हुन हामीले हिजोको उत्तरदायित्वपूर्ण स्थितिलाई पुनर्जीवन दिन सक्दछौं । प्रतिनिधिसभालाई सक्रिय पार्न सकिन्छ । जीवितै रहेको राष्ट्रियसभालाई पनि आधार मान्न सकिन्छ । यस्तो उत्तरदायी सरकारले विदेशी सहयोगलाई पनि उपयोग गर्न सकोस्, शान्तिका सम्भावनाहरूलाई पनि उपयोग गर्न सकोस् र हिंसालाई शान्तिपूर्ण रूपमा समाधान गर्न सकोस् । हामीले कम्तीमा प्रजातान्त्रिक प्रणालीलाई सक्रिय गर्नुपर्दछ र संविधानलाई सक्रिय पार्नुपर्दछ ।

शान्तिको श्रेय एउटा शक्तिले मात्रै लिन खोज्ने वातावरण समाप्त नपार्दासम्म शान्ति प्रक्रियामा बाधा पुग्ने सम्भावना जहिलेसुकै रहिरहन्छ । त्यसैले राष्ट्रका शक्तिहरूले पनि शान्तिको श्रेय एउटालाई मात्रै प्राप्त होस् भनेर हेर्न भएन र अन्तर्राष्ट्रिय समुदायले पनि शान्तिको श्रेय सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायको सद्भावलाई जाओस् भन्ने कुरामा ध्यान दिनुपर्दछ ।

# ८. शान्ति प्रक्रियामा "शान्तिका लागि नागरिक ऐक्यबद्धता" को भूमिका

-डा. मथुराप्रसाद श्रेष्ठ, मानवअधिकारवादी नेता

शान्तिका लागि नागरिक ऐक्यबद्धताको गठनका बारेमा म धेरै छलफल गर्न चाहन्न । शान्तियात्रा, हस्ताक्षर आन्दोलन र सबै राजनीतिक पार्टीहरूसँग हामीले गोलमेच सम्मेलन र अन्तक्रियाहरू गऱ्यौं । सरकार, माओवादी र पार्टीहरूका बीचमा हामीले अन्तरंग सम्बन्ध राखेर उनीहरूका भनाइ बुझ्ने काम पनि गरेका छौं । हामीले राजासँग पनि भेटन चाहेका थियौं । हामीले प्रधानमन्त्री शेरबहादुर देउवासँग भेट्यौं र माओवादीहरूसँग पनि भेट्यौं । दुवै थरीको भनाइ हामी वार्ताको निम्तिमात्रै वार्ता गर्न चाहन्नौं भन्ने छ । प्रधानमन्त्री शेरबहादुरको भनाइ के छ भने सबैको सहभागिता र सहमति भए म जे पनि गर्न तयार छु । उहाँले संविधानसभा त एउटा मामुली कुरा हो भन्नुभएको छ । माओवादीहरूले पनि वार्ताका लागि हामी एकदमै तयार छौं भनेका छन् । युद्ध हुँदाहुँदै पनि वार्ता गर्न तयार छौं, युद्धविराम गरेर पनि वार्ता गर्न तयार छौं, रेडकर्नर नोटिस हुँदाहुँदै पनि वा आतंककारी बिल्ला हुँदाहुँदै पनि हामी वार्ता गर्न तयार छौं भन्ने माओवादीको भनाइ छ । युद्धविरामका निम्ति पनि वार्ता हुनुपर्छ भन्ने उनीहरूको भावना छ र उनीहरूले देशभित्र, देशबाहिर जहाँ पनि वार्ता गर्न तयार छौं र नागरिक समाजको मध्यस्थतामा समेत वार्ता गर्न तयार छौं भनेका छन् ।

शान्तिको सन्दर्भमा मानिसहरूमा विभिन्न अड्कलबाजीहरू भइरहेको हुनाले केही कुराहरू स्पष्ट पार्न म चाहन्छु । वास्तवमा शान्ति भन्ने कुरा ज्यादै सजिलो पनि छ र अत्यन्तै गाऱ्हो पनि छ । शान्ति भन्ने कुरा एक-दुई दिनको प्रयासले हुने कुरा होइन, यसका लागि निरन्तर प्रयत्न गर्नुपर्दछ । संसारमा कुनै पनि देशमा यस्तो उदाहरण छैन, जहाँ एक-दुईवटा वार्ता र कुराकानीले शान्ति स्थापना भएको होस् । हामीले सहज बाटो खोज्नु निरर्थक प्रयासमात्रै हुनेछ । यसमा सबैभन्दा ठूलो भूमिका भनेको नेपाली जनताकै हो । सार्वभौम जनताको दबाबले मात्रै शान्ति स्थापना हुन सक्दछ, कसैको चाहना र शुभेच्छाले मात्रै हुने कुरा होइन । नागरिक समाजको भूमिकाका लागि पनि सार्वभौम जनताको प्रतिनिधित्वमा वार्ता गर्नुपर्दछ ।

हामीले एउटा प्रस्ताव सरकारसँग पनि राखेका छौं र माओवादीसँग पनि राखेका छौं । यो देशमा सम्भव नभए विदेशमा विदेशीहरूले सहायता गर्न पनि तयार भइसकेका छन् । एनजीओ फेडरेसन र शान्तिका लागि नागरिक ऐक्यबद्धतासँग मिलेर उनीहरूकै सहजीकरणमा होस् वा हाम्रै नागरिक समाजको सहजीकरणमा जेनेभामा पनि वार्ता गर्न सकिन्छ भनेर हामीले प्रस्ताव राखेका छौं । दुवै तर्फबाट सकारात्मक कुराहरू आइराखेका छन् ।

सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपान्तरणविना आएको शान्ति दिगो शान्ति हुन सक्दैन । कोही-कोही भन्छन् शान्ति हामीलाई अहिल्यै चाहियो, तर यसरी शान्ति आउँदैन ।

मृतशान्ति भनेको युद्धभन्दा भयावह हुन्छ भन्ने कुरा म सबैमा विन्ती गर्छु । त्यस्तै मृतशान्तिको ज्यादै चलखेल भएकाले नै द्वन्द्व भएको हो । द्वन्द्वको कारण पनि यही राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक विषयमा नै खोज्नुपर्दछ । यसर्थ म के भन्न चाहन्छु भने नेपालमा हुने शान्ति नेपालकै विशिष्ट परिस्थिति र विशिष्ट धरातलीय यथार्थमा निर्माण हुनुपर्दछ, विदेशीहरूको नक्कल गरेर हुन सक्दैन । केहीले निशस्त्रीकरण र 'दुई-चार घन्टा' को कन्सेप्ट अगाडि सारेका छन् । रुवान्डा, सोमालिया इत्यादि ठाउँमा जस्तो त्यो नेपालमा सम्भव हुँदैन । निशस्त्रीकरण कसले गर्ने ? माओवादीहरूले मात्रै गर्ने ? त्यो सम्भव हुँदैन । निशस्त्रीकरण गर्नुको सट्टा हामीले एकीकरण किन नगर्ने ? सेनाहरूको एकीकरण हुनसक्छ कि सक्दैन भन्नेमा किन नजाने ? २००७ सालमा नेपाली कांग्रेसले मुक्तिसेनालाई विघटन गर्दा नेपाली जनताले त्यसको मूल्य अहिलेसम्म तिरिरहनुपरेको छ भन्ने कुरा नेपाली जनताले बिर्सेका छैनन् । माओवादीको सेना बढेर अहिले १५/१६ हजार पुगेको छ । श्री ५ को सरकारको सेना पनि २५ हजारबाट बढेर ७२ हजार पुगेको भन्ने सुनिन्छ, तिनीहरूलाई 'डिमोविलाइज' गर्नुपर्दछ र माओवादीका सैनिकहरूलाई पनि 'डिमोविलाइज' गर्नुपर्दछ । ती 'डिमोविलाइज्ड' सैनिकहरूलाई सही रूपमा व्यवस्थापन कसरी गर्ने भन्ने कुरा हाम्रो नेपाली सन्दर्भमा सोचिनुपर्दछ । विदेशीहरूको उदाहरणमा सोचिनुहुन्न भन्ने मेरो प्रार्थना छ ।



शान्तिका लागि रूपान्तरण भन्ने कुराको अभ्यास युद्धपश्चात् हुन सक्दैन । शान्तिका लागि राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण हुनुपर्दछ । सबैले भन्छन्, संविधानसभालाई मानिदिए सजिलो हुन्थ्यो । तर यो सजिलो हुने कुरामात्रै हो । माओवादीसँग म आफैंले धेरैपटक कुरा गरिसकेको छु । उनीहरूले बारम्बार भनिराखेका छन्, संविधानसभा हाम्रो माग होइन, हामीले मिल्नका निम्ति, वार्ताको निम्ति संविधानसभासम्म तल झर्छौं भनेका हौं । उनीहरूले अग्रगमनलाई छेकथुन गरेर कुनै किसिमको वार्ता हामीबाट अपेक्षा नगर्नोस् भनेका छन् । यो अग्रगमनलाई छेकथुन गर्ने हाम्रो संविधानमा पनि बाध्यात्मक प्रावधानहरू छन् । अब माओवादीसँग वार्ता गर्दाखेरि पहिलेका दुईवटा वार्ताहरूबाट सिको गर्नुपर्दछ । सहजकर्तामा पद्मरत्नजी र दमननाथजी नै हुनुपर्दछ हामीले भनिराखेका छौं । उहाँहरूले मान्नुभएको छ । तर हाम्रो भनाइ के पनि छ भने उहाँहरू सहजकर्तामात्रै हुनुहुने छैन, मध्यस्थकर्ता पनि हुनुहुनेछ । उहाँहरूको काम गर्ने स्पष्ट अधिकारक्षेत्र र कार्यविधि पनि तोकिनुपर्दछ । वार्तामा संलग्न द्वन्द्वरत पक्षहरूका बीचमा पुलको रूपमा उहाँहरूमार्फत् जनताले आफ्नो प्रतिनिधित्व गर्न चाहन्छन् । हामी नागरिक समाजले ठहऱ्याएका सहजकर्ता उहाँहरू नै अहिले पनि हुनुहुनेछ ।

हामीले शान्तिका लागि अवधारणामात्र पनि बनाएका छौं र यसलाई आधिकारिक रूपमा सरकार, राजनीतिक पार्टीहरू र माओवादीसमक्ष पनि पठाइसकेका छौं । माओवादीहरूले हामी अध्ययन गर्देछौं भनेका छन् । तर प्रतिक्रिया दिएका छैनन् । यो रोडम्यापमा कुनै नकारात्मक कुराहरू छन् भने हामी परिमार्जन गर्न तयार छौं ।

# १. शान्ति प्रक्रियामा नागरिक समाजको भूमिका

**- श्याम श्रेष्ठ, सचिव, शान्तिका लागि नागरिक ऐक्यबद्धता**

नेपालको नागरिक समाज अहिलेको अवस्थामा विकासोन्मुख नागरिक समाज हो । यसले एउटा स्पष्ट रूपाकृति लिइरहेको छ, तर पूरा हुन बाँकी छ । नेपालको लोकतन्त्रको विकास सँगसँगै यसको जन्म भएको हो । वास्तवमा २०४६ को आन्दोलनपछिदेखि जुन ढंगले यो आएको छ, यो अहिले भिन्न अवस्थामा छ । यसकारणले नागरिक समाजले धेरै कुरा गरेन भन्ने आरोपलाई यसको जन्मका साथै र यसको विकासको सापेक्षतामा हेर्नुपर्छ । मलाई लाग्छ, नेपालको नागरिक समाजले यसको आयुको सापेक्षतामा तुलनात्मक रूपले राम्रो काम गरेको छ । थुप्रै सवालहरूमा यसले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

हामी अहिले शान्ति प्रक्रियाका सम्बन्धमा नागरिक समाजको भूमिकाको कुरा गरिरहेका छौं । पहिलो र दोस्रो वार्तामा नेपालको नागरिक समाजले नै मध्यस्थकर्ता, सहजकर्ता, हुलाकी र सम्पर्क सूत्र जम्मैको काम गरेको थियो । पहिलो वार्ता एकदमै संकटग्रस्त भएका बेला मध्यस्थकर्ताको रूपमा म आफैंले पनि भूमिका खेलेको थिएँ । सहजकर्ताहरूले प्रयत्न गर्दागर्दै पनि दोस्रो चरणको वार्ता जब असाध्यै संकटग्रस्त भयो, त्यतिखेर सहजकर्ताहरू र 'शान्तिका लागि नागरिक ऐक्यबद्धता' ले पहल गरेर तेस्रो चरणको वार्ता सम्भव भएको थियो । हापुरेको वार्ता यसले प्रयत्न नगरेको भए दोस्रो चरणमै टुटिसकेको थियो । द्वन्द्वरत पक्षमा विश्वासको संकट असाध्यै गहिरो हुँदोरहेछ । त्यो संकट हल गर्न एक नदीको दुई किनाराजस्तै हुनेहरूका लागि पुलको काम नेपालको नागरिक समाजले गरिरहेको छ । यो एउटा धेरै महत्त्वपूर्ण काम हो । अहिले पनि वार्ता टुटेको छ । यस्तो समयमा द्वन्द्वरत पक्षहरू, विद्रोही र राज्यपक्ष अनि विद्रोही र आन्दोलनरत पक्षहरूका बीचमा पुलको भूमिका नागरिक समाजले खेलिरहेको छ । पुलमुनि बसेर गर्ने काम त द्वन्द्वरत पक्षहरूले गर्ने हो, तर त्यो पुललाई जोड्ने कामचाहिँ नागरिक समाजले गरिरहेको छ । अहिलेसम्म गरिआएको कामलाई पुनर्मूल्यांकन गर्ने हो भनेदेखि नागरिक समाजले गरेको पहिलो महत्त्वपूर्ण भूमिका भनेको मध्यस्थकर्ताको भूमिका, सहजकर्ताको भूमिका र सम्पर्क सूत्रको भूमिका हो ।

दोस्रो कुरा, जब द्वन्द्वका दौरानमा मानवअधिकारको व्यापक हनन हुन्छ, आचारसंहिताको उल्लंघन हुन्छ अथवा आपसी सहमतिको उल्लंघन हुन्छ, त्यो बेला यसले सचेत पहरेदार र दबाब समूहको पनि भूमिका खेलेको छ । चाहे पहिलो वार्ताको दौरानमा होस् वा दोस्रो वार्ता होस् । माओवादीबाट विकास निर्माणका कार्यमा भएको व्यापक विध्वंसलाई रोक्नका लागि पनि नागरिक समाजले धेरै महत्त्वपूर्ण भूमिका खेलेको थियो । यसकारणले नागरिक समाजको भूमिका खालि मध्यस्थकर्ताका रूपमा मात्रै सीमित छैन । यसको भूमिका सचेत पहरेदार र दबाब समूहका रूपमा पनि रहेको छ ।

तेस्रो महत्त्वपूर्ण कुरा, राष्ट्रिय संकटको निकासका लागि यसले राष्ट्रिय सहमतिको एजेन्डा तयार पारेको छ । नेपालमा अहिले जति रोडम्यापहरू आएका छन्, “शान्तिको लागि नागरिक ऐक्यबद्धता” ले ती सबै रोडम्यापको संकलन गरेर साझा सहमति र राष्ट्रिय सहमति यहाँनेर छ भनेर सुझाव दिने काम पनि गरेको छ । राष्ट्रिय संकटको समाधानमा यसले वैचारिक सचेतकको भूमिका पनि खेलेको छ । गत जेठ ३१ गते हामीले एउटा संयुक्त बैठक डाक्यौं । त्यसमा हिमालय शमशेरदेखि लिएर द्वारिकानाथ ढुंगेल, आदित्यमान श्रेष्ठहरूसम्म र सुन्दरमणि दीक्षितदेखि लिएर अन्य संस्थाहरूले विकास गरेका रोडम्यापहरूलाई लिएर साझा निकास र साझा संयन्त्र बनाऔं भनेर प्रयत्न गर्‍यौं । विविध कार्य गर्नका लागि स्वतन्त्रता र शान्ति स्थापनाको मूलभूत कार्यमा एकरूपता हुनुपर्दछ भनेर एकै ठाउँ आउनका लागि यसले काम गरेको छ । हामीले यो रोडम्यापलाई सबै पार्टीहरूकहाँ पठाएका छौं । अब सबै पार्टीहरूलाई राखेर निकास के हो त भन्ने बारेमा छलफल गर्दैछौं ।

अबको स्थितिमा नागरिक समाजले के-के भूमिका खेल्न सक्दछ भन्ने सवालमा म केन्द्रित हुन चाहन्छु । अहिले द्वन्द्वरत पक्षबीच संवाद टुटेको छ । वार्ता टुटेपछि उनीहरू बीचको विश्वासको संकट झन् गहिरो हुँदै जाँदोरहेछ र झन् ठूलो मात्रामा हिंसा फैलँदोरहेछ । अहिले संवाद र विश्वासको संकट अति ज्यादा टुटेको अवस्थामा उनीहरूलाई संवादमा ल्याउने काम नागरिक समाजले गर्नुपर्दछ र गरिरहेको पनि छ । नागरिक समाजले गर्ने काम भनेको फेरि पनि सम्पर्क सूत्र र पुलको काम गर्ने हो, फेरि पनि यसले मध्यस्थकर्ता र सहजकर्ताको काम गर्ने हो ।



चौथो, द्वन्द्वरत पक्षहरूले अहिले व्यापक रूपमा मानवअधिकारको उल्लंघन गरिराखेका छन् । यो स्थितिमा नागरिक समाजले सचेत पहरेदार र दबाब समूहको भूमिका खेल्नुपर्दछ । यो भूमिकाको अझै धेरै खाँचो छ र यसका लागि नागरिक समाज एकढिक्का हुन जरुरी छ । मानवअधिकारवादी संगठनहरूको एउटा भूमिका होला, उद्यमीहरूको अर्को भूमिका हुन्छ होला, तर सबै मिलेर साझा भूमिका पनि खेल्नुपर्दछ । अहिले यो भूमिका शान्तिका लागि नागरिक ऐक्यबद्धताले र अन्य नागरिक समाजसँग सम्बन्धित संस्थाहरूले खेलिरहेका छन् भन्ने मेरो भनाइ छ ।

पाँचौं, यसको भूमिका भनेको फेरि पनि संकटको समाधान निकाल्नका लागि साझा राष्ट्रिय सहमतिको विषयवस्तु खोज्न गोलमेच सम्मेलनका लागि पहल गर्नु हो । अहिले शान्ति आयोग गठन गर्नेतिर लागेका छौं । युद्ध भइहरहेको स्थितिमा युद्धरत पक्षलाई वार्ताको विन्दुसम्म ल्याउन द्वन्द्वरत तीनवटै पक्षलाई मान्य हुने प्रतिनिधिहरूको ग्रुप बनाउने र त्यसले गोलमेच सम्मेलनसम्म ल्याउनका लागि प्रयत्न गर्ने भनेर एउटा पुल वा सम्पर्क सूत्रको भूमिका खेल्न शान्ति आयोग आवश्यक छ । अहिले शान्तिका लागि नागरिक ऐक्यबद्धताले यसका लागि पहल गरेको छ । यसको नेतृत्व सुन्दरमणि दीक्षितले गर्नुभएको छ । यसका

लागि अवधारणापत्र पनि तयार भइसकेको छ । यो अवधारणापत्रमा छिट्टै एउटा कार्यशाला गरेर शान्ति आयोग गठन गरिन लागेको छ । यसले युद्ध भइरहेको स्थितिबाट संवादको स्थितिसम्म ल्याउनका लागि काम गर्न सक्दछ । यसका लागि हामीले गर्न लागेको काम भनेको साझा रोडम्यापको विकास गर्ने नै हो ।

छैठौं, अहिलेका दौरानमा विभिन्न समस्याहरू आइराखेका छन् । हालै स्कुलहरू बन्द भएर धेरै समस्या आयो । वास्तवमा नागरिक समाजले नै पहल गरेर माओवादी पक्ष र सरकार पक्षलाई एक ठाउँमा राखेर समाधान निकाल्न सम्भव भयो । भर्खरै तातोपानी क्षेत्रको भन्सार नाका बन्द भएर गम्भीर समस्या परिरहेका बेला हामीले त्यसको समाधानका लागि मध्यस्थकर्ताको भूमिका खेलेका छौं । यसरी नागरिकहरूको समस्या समाधानका लागि पनि नागरिक समाजले प्रमुख भूमिका खेल्न सक्दोरहेछ ।

सातौं, द्वन्द्व समाधानका लागि हामीले खालि रोडम्यापमात्रै विकास गरेर हुँदैन । यस सम्बन्धमा विकास भएका ज्ञानका भण्डारहरूलाई एकै ठाउँमा ल्याउन पनि आवश्यक छ । सीपको पुल र ज्ञानको पुल द्वन्द्व समाधानका लागि एकै ठाउँमा ल्याउन पनि नागरिक समाजले भूमिका खेल्न सक्दछ । "शान्तिको लागि सहकार्य" ले जुन अनुसन्धान अगाडि बढाउन लागेको छ, यो त्यसको एउटा उदाहरण हो । ज्ञानको यो भण्डार पार्टीहरूले तयार गर्न सक्दैनन् । बरु विश्वज्ञानको भण्डार एकै ठाउँमा ल्याउन नागरिक समाजले सक्दछ ।

अन्त्यमा म के भन्न चाहन्छु भने नागरिक समाज फेरि पनि राजनीतिक पार्टीहरूको विकल्प होइन । देशको द्वन्द्वको समाधान यहाँका पार्टीहरूले नै गर्नुपर्दछ । पार्टीहरूको विकल्पमा नागरिक समाज रहन खोजेको होइन । नागरिक समाजले पार्टीको विकल्पको रूप लिन लाग्यो भन्ने व्यापक भ्रम पनि छ । म विनम्रताका साथ के भन्न चाहन्छु भने पार्टी भनेको पार्टी हो, लोकतन्त्रका लागि पार्टी अपरिहार्य छ । पार्टीका केही नेताहरूले गल्ती गरे होलान्, तर पनि पार्टीको विकल्प छैन । पार्टीहरूका बीचमा पनि जब संवाद टुट्छ र अविश्वास बढ्छ, त्यो बेलामा उनीहरूलाई जोड्ने पुलको काममात्रै नागरिक समाजले गर्दछ ।

अहिलेको स्थितिमा चारैतिरबाट शान्तिको पहल गरियोस् भन्ने खालको चाहना छ । यो बेलामा पाखा परेका जेजति समुदाय छन्, तिनीहरूको आवाज उठाउने काम पार्टीबाट हुँदैन, उनीहरूको मुख पनि नागरिक समाज नै हो । त्यस्ता मानिसहरूको आवाज जनसमक्ष ल्याइदिने काम पनि नागरिक समाजले गरिरहेको छ र गर्नुपर्छ । अन्यत्र नागरिक समाज गठन हुनका लागि दशकौं लागेको छ । दक्षिण अफ्रिकामै दशकौं लाग्यो, नेपालमा भने छिटो गठन भएर प्रभावकारी भूमिका खेल्न थालेको छ ।

# १०. खुल्ला छलफल र प्रतिक्रियाहरु

**डा. भोगेन्द्र शर्मा, यातना पीडित सरोकार केन्द्र**

सहजकर्ताहरूको भूमिका कस्तो हुनुपर्छ भन्ने प्रश्नमा आफ्नो अभिमत दिन चाहन्छु । विगतमा भएको वार्तामा सरकारले दाङको हापुरेमा आफ्नो धारणा राखेको छ । त्यसबारेमा मैले पद्मरत्न तुलाधरजीलाई सरकारले वार्तामा अवधारणापत्र राख्नुपूर्व तपाईं सहजकर्ताहरूलाई देखाएको थियो कि थिएन भनेर सोधें । उहाँले भन्नुभयो, देखाएन । भनेपछि सहजकर्तालाई सरकारले कसरी लिएको रहेछ भन्ने प्रस्ट हुन्छ । आउँदा दिनहरूमा फेरि उहाँहरूलाई राख्ने र जोकर बनाउने नगरियोस् । सहजकर्ता बन्न जानुभन्दा पहिला अधिकार र उत्तरदायित्व सरकारसँग जनाएर लिखित रूपमा लिएर जानुपर्छ जस्तो लाग्छ ।

अहिलेसम्म हाम्रा बुद्धिजीवीहरूमा जति पनि छलफल चलिराखेको छ, मैले पहिलेदेखि नै भन्दै आएको छु कि वार्तास्थल र वार्ताको विषयवस्तु मुख्य कुरा हो । वार्तामा जाने मन्त्रीहरू र माओवादी नेताहरू दुवै पक्षबाट सहजकर्ताहरूप्रति प्रतिबद्ध हुनुपर्छ । उनीहरूले केही नमान्ने र मन्त्रीले आफ्नो पदले पेल्न खोज्ने हो भने वार्ता कहिल्यै सफल हुँदैन । वार्ताको सन्दर्भमा हामीले संयुक्त राष्ट्रसंघको सुझावलाई किन नमान्ने ? वार्तास्थल पनि देशबाहिर हुनुपर्छ । दैनिक प्रक्रियामा भइराखेका कुरा पनि सार्वजनिक हुनुहुँदैन । कति कुराहरूमा सरकारले निहुरिनुपर्छ र माओवादी पनि लचिलो रूपमा आउनुपर्छ । वार्ताका सबै चिज सुरुमा गोप्य रहनुपर्दछ र अन्तिम निष्कर्षहरूचाहिँ बाहिर आउनुपर्दछ ।

अर्को कुरा, आचारसंहिताका लागि अनुगमन गर्ने हो भने विदेशी नै हुनुपर्छ । १२७ धारामा बनेको प्रधानमन्त्रीको हैसियतका बारेमा कुरा आइसकेको छ । प्रचण्डजीले पनि यसको चाबी राजासँग छ भनिसक्नुभएको छ । राजा र विदेशी शक्तिले नचाहुन्जेलसम्म यो चलिराख्छ । किनभने यता सेनाले पनि माओवादीलाई देखाएर सैन्यकरण गर्न मिलेको छ । माओवादीलाई देखाएर तमाम प्रकारका सुविधाहरू सेनालाई थप हुँदैछ । माओवादी समस्या समाधान नहुनुमा उनीहरूको पनि प्रकट इच्छा छैन कि ? यसको अध्ययन बुद्धिजीवीहरूले गर्नुपर्छ ।

**डा. कर्णबहादुर थापा, सुरक्षा विश्लेषक**

माओवादीले अहिले वार्तामा आउनुपर्ने स्थिति नै देख्दिन म । किनभने संसारको कुनै पनि विद्रोहीले चारवटा फ्रन्टमा लडिराखेको हुन्छ । एउटा फ्रन्ट हो राजनीति, जसलाई थानकोट काट्न नसक्ने बनाएर छाडिदिएको छ । राजनीतिक पार्टीहरूलाई थानकोट काटेर आफ्नो गाउँ, जिल्ला वा निर्वाचन क्षेत्रमा टेक्न नसक्ने किसिमको अवस्था सिर्जना गरिदिएको छ । अब चुनाव हुन सक्दैन भनेर थर्काउने टोली, राज्यका सफ्ट पार्ट र हार्ड पार्ट दुईवटैमा माओवादीको जित छ । दोस्रो, नागरिक समाजलाई विभाजित गर्ने । बर्दी नलाएका माओवादीहरू काठमाडौंमा पनि प्रशस्त छन् । बर्दी नलाइकन हिँड्ने सरकारी संयन्त्रका

मान्छेहरू पनि होलान् । यसले गर्दाखेरि नागरिक समाज माओवादीको विरुद्धमा जान सक्दैन । तेस्रो, जुन रूपमा ५-७ वर्षमा मिडियाहरू जन्मेका छन्, त्यो मूलत : राष्ट्रिय चासोअनुसार निर्देशित हुनुभन्दा 'मर्सिनरी' मिडिया जन्मिएका छन् । यसमा पनि माओवादीले जितिराखेको छ । अहिले तीनवटा फ्रन्टमा माओवादीले जितिराखेको छ, उसले लडिराखेको फ्रन्ट भनेको सुरक्षाफौजमात्रै हो । यदि सुरक्षाफौजको अप्रेसनबाट माओवादी वार्तामा आउन बाध्य भएको छ भने सम्पर्क सूत्रमार्फत् सम्पर्क गर्लान् । तर नागरिक समाज राज्यको सफ्ट पार्टमात्रै हो । राज्यका मुख्य राष्ट्रिय अङ्गहरूको रूचि वार्ताका सम्बन्धमा के हो भन्नेबारे राज्यको सफ्ट र हार्ड पार्ट मिलेर संयुक्त आवाज दिन सक्दैनन् भने फेरि पनि वार्ता असफल हुन्छ ।

अर्को कुरा, अहिलेको गिरफ्तारीको माहोलले तीनवटा कुराहरू प्रदर्शन गरिरहेको छ । सुरेश आलेजी र मातृका यादवजीको जुन गिरफ्तारी छ, हामी नेपाल सरकारलाई सहयोग गर्न तयार छौं भनेर एउटा पत्ता भारतले फ्याँकेको छ । मोहन वैद्य जस्तालाई गिरफ्तार गरेर भारतको कुनै पनि जेलमा राख्न सक्छौं भन्दै माओवादीको हाइकमाण्डलाई अर्को सन्देश दिइएको छ । पटनामा समातिएकाको छानबिन गर्ने भए यतैतिर आऊ भनेर नेपाललाई भनिएको छ । त्यो 'स्याडो' माओवादीमाथि छ र राज्यमाथि पनि छ । त्यो 'स्याडो' तपाईंहरूमाथि पनि छ भने तपाईंहरू बुझ्नोस् र राज्यलाई धोका नदिनोस् । किनभने त्यसबेला दोस्रो भिक्टिम तपाईंहरू हुनुहुनेछ । यति केन्द्रीकृत सिस्टमले देश हाँकिइरहेको छ कि सिभिल सोसाइटी, गरिब जनता भनेर हुनेवाला छैन । जनताका नाममा काठमाडौंमा बसेर ढाँटिखाने काम बढी भएको छ । नयाँदिल्लीको भूमिका को माथि कस्तो छ भनेर छानबिन नगरिकन वार्तामा गयो भने भुटानी शरणार्थीको वार्ताटोली शिविरबाट भागेर गएजस्तै हुन्छ । हापुरेको वार्ता फेल भएजस्तै वार्ता फेल हुन्छ ।

**आनन्द आदित्य, बुद्धिजीवी**

नागरिक समाजका जति पनि संगठनहरू अहिले अगाडि आइरहेका छन्, तिनीहरू सबै एकै ठाउँमा बसेर साझा संयन्त्र बनाउने हो कि ? शान्ति आयोगको रचना गर्ने हो कि ? यस्तो संरचना बनेन भने हामी ३/४ वर्ष अगाडिसम्म यिनै कुराहरूमा अल्मलिरहेका हुनेछौं । बिहान टुथपेष्टदेखि लिएर रातिको टेलिभिजनसम्म हामी विदेशीको कुरामा भर पर्छौं । तर शान्तिका लागिचाहिँ हामी त्यसो गर्न सक्दैनौं, योभन्दा ठूलो मुखुण्डो राष्ट्रवाद के हुनसक्छ ?

**रामकुमारी झाँक्री, विद्यार्थी**

नेकपा (माओवादी) कम्युनिज्म स्थापनाको पक्षमा छ । राज्य सैनिक शक्ति बढाएर अझै दमनबाट उनीहरूलाई समूल नष्ट गर्न चाहन्छ । यति हुँदा पनि हामी वार्ताको कुरा गरिरहेका छौं, वार्तामा दुवै पक्ष आउने कुरा गरिरहेका छौं । यो अवस्थामा वार्ताबाटै समस्या समाधान गर्न सकिने आधार के हो ?

**विनोदकुमार भट्टराई, सहभागी**
माओवादीको युद्धसम्बन्धी लामो योजना हो भनेदेखि शान्तिवार्ता कसरी सम्भव छ ? उनीहरूसँग ५० वर्षको सम्झौता गरिने हो कि ? यस परिप्रेक्ष्यमा वार्ताको पहल कहाँसम्म जाला ?

**पद्मरत्न तुलाधर (प्रश्नहरूको समाधान गर्दै)**
यो सम्बन्धमा व्यक्तिगत रूपमा बाबुराम, प्रचण्डजीहरूसँग कुरा हुँदाखेरि मैले बुझेको कुरा के हो भने पहिलो वार्ताका बेला उनीहरूले गणतन्त्रको संस्थागत विकास भने, अनि वार्ता सफल बनाउनका लागि हामीले त्यसलाई स्थगित गऱ्यौं भने । माओवादीको फेरि पनि भनाइ भनेको गणतन्त्र र कम्युनिज्म त्यागेका छैनौं भन्ने नै छ । तर शक्ति सन्तुलनको स्थिति बन्यो, कसैले कसैलाई हराउन सक्दैन, त्यसैले सम्झौता र वार्ताका लागि अब हामी आयौं भनेर उनीहरूले पहिलो वार्तामै भनेका थिए । बाबुरामजीले एकजना विदेशीसित भन्नुभएको थियो- 'हामी अहिले साम्यवादका लागि लडिरहेका छैनौं, हामी त पूर्ण प्रजातन्त्रका लागि लडिरहेका छौं । संविधानसभा पनि कम्युनिष्ट माग होइन, बुर्जुवा प्रजातान्त्रिक माग नै हो ।' त्यसकारण मैले बुझेको कुरा भनेको माओवादीले जनवाद छाडेको पनि छैन, गणतन्त्र छाडेको पनि छैन, तर तत्काल विदेशी चलखेल, नागरिक समाजको दबाब र अन्तर्राष्ट्रिय स्थितिका कारण प्रजातान्त्रिक समाधान नै खोजेर वार्तामा आएको हो जस्तो लाग्छ ।

# ११. सभापतिको समापन मन्तव्य

**- लक्ष्मणप्रसाद अर्याल**

आज हामीले जुन उद्देश्यले यो अन्तर्क्रियाको आयोजना गरेका थियौं, त्यो सम्पूर्ण रूपले पूरा भएजस्तो मलाई लाग्छ। वार्ताको सम्भावना छ कि छैन भन्ने प्रश्न अहिले उठ्यो, यसमा धेरै मतहरू आए । तर वार्ताको सकारात्मक सम्भावनाचाहिँ धेरै नै छ भन्ने तर्कहरू आए ।

अहिले तत्कालै नेपाली जनतालाई पोलेको कुरा केले हो भने संविधानले सार्वभौमसत्ता नेपाली जनतामा छ भने पनि व्यवहारमा त्यो कुरा लागू भएन । यो संविधानको प्रावधान र व्यवहारमा अन्तर परेको कारणले नै संविधानसभाको कुरा उठेको हो । जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन संविधानसभा चाहिन्छ। जनता आफैंले संविधान बनाउने हो। यहाँ संविधान बनिबनाउ छँदैछ भने संविधानसभाको प्रश्न कसरी आयो भन्ने एकथरीले तर्क गर्दथे । तर असोज १८ को घटनापछि अब मिलन विन्दुचाहिँ संविधानसभामै आइराखेको छ। चार दलले उठाएको कुरा पनि त्यही नै हो ।

माओवादीबाट केही समय पहिले एउटा वक्तव्य आएको थियो । जुनसुकै राजतन्त्र रहे पनि राजतन्त्रविरुद्ध लोकतन्त्र जहिले पनि आगो र पानी हुन् भन्ने थियो। लगभग अहिले सबै शक्ति त्यही निचोडमा आइरहेका छन्, खालि तरिकामात्रै फरक छ। जसले जनताको सार्वभौमसत्तामा खेलवाड गरिरहेका छन्, उनीहरूले बडो चिन्ता गर्नुपर्ने स्थिति आइरहेको छ । किनभने हतियार लिने र नलिने दुईवटा शक्तिहरू एकै ठाउँमा आए भने कहाँ बच्ने ? सार्वभौमसत्ता जनतामा भनेर मान्नेले जनताको सार्वभौमसत्ता मैले लिएको छैन भनेर घोषणा गर्दा केही बिग्रँदैन । शेरबहादुरजीलाई पुनर्बहाली भन्ने शब्दमा किन कन्जुस्याई गरियो ? एउटा शान्तिपूर्ण आन्दोलन र अर्को सशस्त्र संघर्ष एक ठाउँमा पुगिराखेको छ। समाधान यस कारणले नजिक छ भन्ने मलाई लागेको छ। अब कसैले नचाहे पनि यो परिणाम उब्जिन्छ ।

अन्य मुलुकहरूको उदाहरण हेर्दा युद्धविराम हुँदाखेरि नै आधारभूत कुराहरूमा समझदारी भएको हुन्छ र वार्तामा त्यसैलाई व्यापकता दिइन्छ । विगतमा हामीकहाँ युद्धविराम भयो, तर कहाँबाट, हेलिकप्टरमा को-को गए रे भन्ने हल्ला आयो, जनताले केही पत्तो पाएनन् । यसर्थ पहिला सिद्धान्ततः गलत भयो । अब आउने युद्धविराममा सहमतिको तहमा हामी दुवै पक्ष पुगेका छौं भन्ने कुरा पहिले नै घोषणा हुनुपर्दछ । मलाई लाग्छ, त्यस्तो युद्धविराममात्र स्थायी र दीर्घकालीन हुन्छ र त्यसले मात्रै खास परिणाम ल्याउन सक्दछ ।

# १२. अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुको नामावली

१. श्री विश्वनाथ उपाध्याय
२. श्री दमननाथ ढुङ्गाना
३. श्री लक्ष्मणप्रसाद अर्याल
४. श्री पद्मरत्न तुलाधर
५. श्री शैलेन्द्रकुमार उपाध्याय
६. प्रा. मथुराप्रसाद श्रेष्ठ
७. श्री निलाम्बर आचार्य
८. श्री श्याम श्रेष्ठ
९. श्री गौरी प्रधान
१०. डा. विष्णुराज उप्रेती
११. श्री ओमप्रकाश अर्याल
१२. श्री थिरलाल भुसाल
१३. श्री अरुण बराल
१४. श्री हेन्स वान काम्पेन
१५. श्री विवेक केसी
१६. श्री मुकुन्द
१७. श्री ज्ञानेन्द्र
१८. श्री विनल थेवे
१९. श्री जय बन्जाडे
२०. डा. पूर्णकान्त अधिकारी
२१. श्री योगेन्द्र प्रसाईं
२२. श्री मीना पौडेल
२३. श्री नारद भारद्वाज
२४. श्री जेनेभिएभ फिडेस्पील
२५. श्री फ्रिडेन योर्क
२६. डा. कर्णबहादुर थापा
२७. श्री विनोदकुमार भट्टराई
२८. श्री अर्जुन नरसिंह के.सी.
२९. श्री शिवहरि दाहाल
३०. श्री श्रवण शर्मा
३१. श्री दिनेश प्रसाईं
३२. श्री पीताम्बर सिग्देल
३३. श्री युवराज आचार्य
३४. श्री रीता गुरुङ
३५. श्री मन्दिरा शर्मा
३६. श्री महेशमणि दीक्षित
३७. श्री निभा श्रेष्ठ
३८. श्री मुक्ति सुवेदी
३९. श्री श्याम पाठक
४०. श्री वासुदेव थपलिया
४१. श्री आनन्द आदित्य
४२. श्री राजेश महर्जन
४३. श्री एस.सी. अमात्य
४४. श्री लेनी आल्सेन
४५. डा. इन्द्रजित राई
४६. श्री सुशील पन्त
४७. श्री शोभा गौतम
४८. डा. भोगेन्द्र शर्मा
४९. श्री प्रमिला देवकोटा
५०. श्री खिम घले
५१. श्री अजमल शिरजाई
५२. श्री सेख तमन्ना
५३. डा. प्रभा बस्नेत
५४. श्री आदित्यमान श्रेष्ठ
५५. श्री शर्मिला कार्की
५६. श्री रेखा श्रेष्ठ
५७. श्री विन्दुकान्त घिमिरे
५८. श्री भुवनेश्वर शर्मा
५९. डा. प्रकाशशरण महत
६०. श्री सरीता गिरी
६१. डा. द्वारिकानाथ ढुङ्गेल
६२. डा. सूर्यलाल अमात्य
६३. श्री लिना रिक्किला
६४. श्री रामकुमारी झाँक्री
६५. श्री लक्ष्मीनारायण अमात्य
६६. श्री शिवकुमार ढुङ्गाना
६७. श्री सुजाता थापा
६८. श्री रोशन लोपचन
६९. श्री घनश्याम विश्वकर्मा
७०. श्री मैया कार्की

# १३. कार्यक्रम

**अन्तर्क्रिया कार्यक्रम**
**आगामी शान्तिवार्ता : सम्भावना र चुनौतीहरू**
शान्तिका लागि सहकार्य
११७/३६, पूजा प्रतिष्ठान मार्ग
पुरानो वानेश्वर, काठमाण्डौ
२०६१ साल असार ६ गते (तदनुसार जुन २७ २००४)

| समय | कार्यक्रम | वक्ता |
|---|---|---|
| २.००-२.२५ | दर्ता/चियापान | |
| २.२५-२.३० | स्वागत मन्तव्य | नारद भारद्वाज |
| २.३०-२.४० | कार्यक्रमको उद्देश्य | गौरी प्रधान |
| २.४०-२.५० | शान्ति प्रक्रियामा देखिएको सूचना श्रोतको कमी पुरा गर्नमा शान्तिका लागि सहकार्यको भूमिका | विष्णुराज उप्रेती |
| २.५०-३.१० | शान्ति प्रक्रियामा नागरिक समाजको भूमिका | श्याम श्रेष्ठ |
| ३.१०-३.२५ | शान्ति प्रक्रियामा 'शान्तिका लागि नागरिक | |
| | ऐक्यबद्धता' को भूमिका | मथुराप्रसाद श्रेष्ठ |
| ३.२५-३.४० | नेपालको शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको भुमिका | निलाम्बर आचार्य |
| ३.४०-३.५५ | शान्तिवार्तामा सहमती निर्माणको रणनिति | शैलेन्द्र कुमार उपाध्याय |
| ३.५५-४.१० | शान्तिवार्ता : सम्भावना र अवसरहरू | पद्मरत्न तुलाधर |
| ४.१०-४.२५ | शान्तिवार्ता : व्यवधान र चुनौतीहरू | दमननाथ ढुङ्गाना |
| ४.२५-४.४० | प्रमुख अतिथिको मन्तव्य | विश्वनाथ उपाध्याय |
| ४.४०-५.३० | खुल्ला छलफल र प्रतिक्रियाहरू | - |
| ५.३०-५.४० | सभापतीको समापन मन्तव्य | लक्ष्मणप्रसाद अर्याल |
| ५.४०-६.४० | जलपान | |

**शान्तिका लागि सहकार्य**
११७/३६, पूजा प्रतिष्ठान मार्ग, पुरानो बानेश्वर
पोष्ट बक्स नं. १३१६०, काठमाण्डौं, नेपाल
फोन : +९७७–१–४४८०४०६
फ्याक्स : +९७७–१–४४७२७९८
ईमेल : info@ffp.org.np
वेभसाइट : www.friendsforpeace.org.np

ISBN 99946-945-2-9